# बगनासकाली गाँउपालिका, पाल्पाको
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति

## २०७८

<u>प्रमाणित गर्ने</u>

प्रदेश प्रशिक्षण प्रतिष्ठान

नेपालगन्ज, बाँके

<u>पेश गर्ने</u>

सप्तरङ्गी मञ्च प्रा.लि. बर्दीया

## शुभकामना

सुन्दर तथा समृद्ध गाउँपालीका हाम्रो अपेक्षा तथा चाहना हो । त्यो अपेक्षा तथा चाहना पुरा गर्न हामी जन प्रतिनिधिहरु कटिबद्ध भएर लागिरहेका छौं । समृद्धी हासिल गर्न विभेद रहित, समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक न्यायको क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरू पूरा गर्दै अगाडि बढिरहेको अवस्थामा स्थानीय सरकार पनि कठिबद्ध हुदै आएको छ।

नेपालको मुलकानुन भनेको नेपालको संविधान हो । संविधानमा रहेका विभिन्न धारा तथा उपधाराहरुले नागरिकको मौलिक हक अन्तर्गत समनताको हक, छुवाछुत तथा भेदभाव बिरूद्धको हक, शोषण विरुद्धको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, जेष्ठ नागरीकको हक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिलाको हक रहेको छ जसले समृद्ध नेपाल र सुखी नेपाली बन्न समयोगी भुमिका खेल्ने छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ( लैससास) सम्बन्धी प्रावधानहरुको व्यवस्था गरेको छ । यसरी समाजलाई सबैको साझा समावेशी र सहभागिता मुलक सिद्धान्तका आधारमा सबैको आफ्नोपन भएको समतामुलक समाज निर्माणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लसैसास) रणनीतिको ठुलो भुमिका रहनेछ ।

केन्द्रिकृत राज्य सत्तालाई नगरिकको आवश्यकता अनुसार, नगरिकले चाहे बमोजिम र जनताको सुविधाहोस भन्ने मुल उद्धेश्यका साथ सम्पुर्ण संरचना बिकेन्द्रिकृत गरि स्थानीय तहमा समावेश गरेकोछ । स्थानीय सरकारलाई संविधानमै उल्लेख गरी विभिन्न काम,कर्तव्य र अधिकार प्रदान गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरू सहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सचूना व्यवस्थापन गर्ने कुराहरू उल्लखे गरिएको छ । स्थानीयतहमा योजना तर्जुमा गर्दा वाकुनै पनि परियोजना संचालन गर्दा 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको ठुलो भुमिका हुन्छ । 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको सहि मानेमा उपयोग गर्न सके दिगो विकासका लक्ष्यहरु हासिल गर्न सजिलो हुनेछ । स्थानीय स्तरको माग र आवश्यकतालाई ध्यानमा राखि बगनासकाली गाउँपालिकाले संचालन गर्ने विभिन्न योजना तथा कार्यक्रमहरूका साथै यसको संरचनामा लैससाससँग सम्बन्धित क्रियाकलापहरूलाई एकीकृत रूपमा निर्माण गरी कार्यान्वयन गर्नका लागि आवश्यक मार्गदर्शन प्रदान गर्न 'लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७८' तयार गरी प्रकाशित हुन लागकोमा मलाई धेरै खुसी लागेको छ ।

अन्तमा, यो रणनीति तयार गर्ने क्रममा आफ्ना बहमूल्य सुझावहरू सहित निरन्तर सहयोग गर्नुहुने गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरू, कर्मचारीहरू, वडाबासीहरू, अपाङ्गता भएका व्यक्तिहरू, आमा समूह, युवा समूह, विज्ञ समूह, महिला अधिकार कर्मी तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यरत अन्य सबै सरोकारवालाहरू तथा परामर्शदाता सबैलाई बधाई तथा धन्यवाद दिँदै यसलाई प्रकाशित गर्ने कार्यमा संलग्न सम्पूर्ण महानुभावहरू प्रति आभार व्यक्त गर्न चाहन्छु । यो रणनीति तयार गर्न आर्थिक सहयोग गर्नुहुने प्रदेश प्रशिक्षण प्रतिष्ठान लुम्बिनीप्रदेश र सप्तरङ्गि मञ्च, बर्दीया प्रति बगनासकाली गाउँपालिका हार्दिक आभार व्यक्त गर्दछ ।

अध्यक्ष

बगनासकाली गाउँपालिका

## विषयसूची


१. पृष्ठभूमि :........................................................................ ५

१.१ लैससासका कानुनी प्रवधानः ........................................................ ६

१.२ बगनासकाली गाउँपालिकाको परिचयः.................................................. ७

१.३. बगनासकाली गाँउपालिकाको लैससास रणनीति तयारीको उद्देश्य बिधी तथा प्रकृया ............ ७

सन्दर्भ सामग्रीको अध्ययन ........................................................ ८

तथ्याङ्क संकलन तथा विश्लेषण .................................................... ८

कार्यशाला............................................................................ ८

मस्यौदा प्रतिवेदन तयारी............................................................ ८

अन्तिम प्रतिवेदन पेश ................................................................ ८

१.४. लैससास परिभाषा -मुख्यशब्दावलीहरु............................................. ८

२. बगनासकाली गाउँपालिकाको लैससासको अवस्था र शन्दर्भ बिश्लेषण.......................१२

२.१.बगनासकाली गाउँपालिको लैससासमा राजनैतिक, आर्थिक तथा सामाजिक पक्षहरु पक्ष : ..........१२

२.२. लक्षित समूहहरुको नक्सांकन् बञ्चितिकरणमा परेका समुदायको अवस्था तथा तथ्यांङ्क :..........१३

२.३ सरोकारवालाहरुको बिश्लेषण : ....................................................१४

२.४ बगनासकाली पालिकाको लैससासको दृष्टिबाट सबल पक्ष र कमजोर पक्ष -आन्तरिक) तथा अवसर र बाधा बाह्य पक्ष बिश्लेषण :१४

२.५. बगनासकाली गाउँपालिका लैससासका प्रमुख सवालहर.......................................१५

२.६. पालिकाको आगामी लैससास रणनीतिको लागि लक्षित कार्यक्षत्र ..............................१६

३. रणनीतिको दिर्घकालिन सोंच, लक्ष्य तथा उद्देश्यहरु.......................................१६

३.१. दिर्घकालिन सोंच :.................................................................१६

३.२ ध्येय.................................................................................१६

३..३. लक्ष्य ..............................................................................१६

३.४. मुख्य उद्देश्य : ....................................................................१६

३.५ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीतिको औचित्यता ..........................१८

३.६. मूल्य मान्यताहरु..................................................................१९

३.७ लैससास रणनीतिक उधेश्यहरु र मुख्य क्रियाकलापहरु :...........................................१९

३.८. लैससास मुलप्रवाहिकरण रणनीति कार्यान्वयनको लागि कार्ययोजना : ........ ३०

३.९. लैससास मुलप्रवाहिकरण रणनीतिको कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था : ........ ३१

३.९.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्रनिर्माण र परिचालन : ........ ३१

३.९.२. गाउँपालिकाको भूमिका : ........ ३१

३.९.३. वडा कार्यालय भूमिका ........ ३३

३.९.४. लैंगिक सम्पर्क व्यक्ति ........ ३३

३.९.५. स्वास्थ्य शाखा ........ ३५

३.९.६. शिक्षा शाखा ........ ३५

३.९.७.स्थानीय प्रहरी कार्यालय ........ ३६

३.९.८.विकासका साझेदारहरु ........ ३५

३.९.९.गैरसरकारी संस्थाहरु ........ ३६

३.९.१०.गाउँपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको संजालहरु ........ ३७

३.९.११. निजी क्षेत्र (उद्योग वाणिज्य संघ, होटल व्यवसायि संघ, यातायात व्यवसायी संघ, सहकारी, बैंक आदि) ........ ३७

३.९.१२.समुदाय ........ ३८

३.९.१३. सरोकारवाला बिच समन्वयएवं साझेदारी : ........ ३८

३.१०. लैससास रणनीति कार्यान्वयनका लागि स्रोत परिचालन : ........ ३९

३.११.लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली : ........ ३९

३.११.१. लैससास अनुगमन तथा निर्देशन समितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ। ........ ३९

३.११.२.लैससास अनुगमन तथा निर्देशन समितिको कामकर्तव्य र अधिकार ........ ३९

३.११.३. वडास्तरको लैससास अनुगमन तथा निर्देशनउपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ। ........ ४१

३.११.४. निर्देशन तथा अनुगमन उपसमितिको कामकर्तव्य र अधिकार ........ ४१

३.११.५. लैससास रणनीतिको पुनरावलोकन : ........ ४२

३.१२.सम्भावित जोखिम तथा न्यूनिकरणका उपपायहरु : ........ ४२

**नाम र प्रारम्भ** :यस रणनीतिको नाम**लैङ्गिक समानतातथा सामाजिक समावेशिता रणनीति २०७८** रहनेछ र यसको प्रारम्भ स्थानीय सरकाले स्वीकृति गरेको मिति देखि लागू हुनेछ ।

## १. पृष्ठभूमि :

संविधान देशको मूलकानून हो । यसले राजनीतिक शक्ति, संस्था तथा नागरिक बीच शक्ति नियन्त्रण र शक्ति सन्तुलनको व्यवस्था गर्दछ । संविधानले प्रदत्त गरेको प्रावधानहरुको आधारमा अधिकारहरुको व्यवस्थापन तथा राज्यव्य वस्थापन र संचालन हुने भएको हुँदा संविधानमा महिला तथा समावेशीकरणका सवालहरु कसरी राखिएको छ भन्ने विषय निकै महत्वपूर्ण हुन्छ । नेपालको संविधान, २०७२ लाई हेर्दा यसको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षबाट विश्लेषण गर्नु पर्दछ।

नेपालको संविधानको प्रस्तावना मा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । यसैगरी धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक समावेश गरेको छ । महिला हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्यकुनै किसिमको हिंसा जन्य कार्य वाशोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिंम क्षतिपूर्ति पाउने हकहुने कुरा उल्लेख गरिएको छ । राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकहुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गरिने हक हुने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था समेत गरेको छ।

यसैगरी धारा ४२ अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हकहुने उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ । धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ।

स्थानीय विकास मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति, २०६६" र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका "लैङ्गिक समानता तथा सामाजिक समावेशिता स्थानीयकरण रणनीति, २०७५" (मस्यौदा), स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको "स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति २०६६", महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको "राष्ट्रिय लैङ्गिक समानता नीति, २०७४" मस्यौदा),

शहरी विकास मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशि मार्गदर्शन, २०७०"आदि जस्ता लैससास नीति तथा मार्गदर्शन तयार गरिको थियो ।

राष्ट्रिय योजना आयोगले पन्धौ योजना (आर्थिक बर्ष २०७६/७७-२०८०/८१) को आधार-पत्र तर्जुमा गर्दा संबिधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकास लक्ष्य र अन्तराष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा व्यक्त प्रतिवद्धताहरुलाई केन्द्रमा राखेको छ । यसका साथै नेपाल सरकारले "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय सोच (Vision) पुरा गर्न आउदो २५ बर्षका लागि एक दीर्घकालीन सोच तयार गरेको छ । उक्त सोच प्राप्त गर्ने आधार योजनाको रुपमा पन्धौ योजना तर्जुमा गरिएको छ । यहि तथ्यलाई ध्यानमा राखी लैंगिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागितामा सहित सारभूत समानता कायम गर्ने लक्ष्य लिएको छ ।

### १.१ लैससासकाकानुनीप्रवधानः

स्थानीय सरकार सञ्चालन **ऐन २०७४** को दफा ११ मा उल्लेख गरिए बमोजिम गाउँपालिका तथा नगरपालिकाको काम, कतर्व्य र अधिकार अर्न्तगत विभिन्न बुँदाहरुले जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरु सहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समूह सम्बन्धी स्थानीय योजना, कायक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने कुराहरु उल्लेख गरिएको छ ।

त्यस्तै गरिउक्त ऐनको दफा १२ मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कतर्ब्य र अधिकार अर्न्तगत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लैससास) प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ । त्यस्तै वडाभित्रका विकास कार्यहरु कार्यान्वयन गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका महिला, बाल-बालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औल्याइएको छ । साथै उक्त ऐनले वडा भित्र बालविवाह, बहु-विवाह, लैङ्गिक हिंसा, घरेलु हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया, प्रथा, छाउपडि, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्ध विश्वासको अन्त्य गर्ने गराउने दायित्व समेत सुम्पेको छ ।

महिला, एकल महिला, बालबालिका, दलित, जनजाती, अपांग, जेष्ठनागरीक,यौनिक तथा अल्पसंख्यक एवम् बञ्चितिकरणमा परेका समुदायहरु प्रति बिद्यमान लैङ्गिक असमानता तथा सामाजिक बिभेदहरुको अन्त्य गरी न्यायोति पहुँच पुऱ्याउने रणनीतिको अभाव स्थानीय सरकारद्वारा संचालनहुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री

बनाउनका लागि र संवैधानिक एवम् कानूनी प्रावधान तथा राज्यले अन्तराष्ट्रिय तहमा व्यक्त गरेको प्रतिबद्धता अनुसार कार्य गर्न एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंगिक तथा सामाजिक समावेशी विकासलाई प्रवर्द्धन गरी यसको स्थानीयकरण गर्न यो **रणनीति** तयार गरिएको हो ।

## १.२ बगनासकाली गाउँपालिकाको परिचय:

पाल्पा जिल्लाका दशवटा स्थानीय तहहरु मध्ये एक सदरमुकाम तान्सेन देखि सात किलोमिटर उत्तरपूर्वमा गाउँ पालिकाको केन्द्र रहेको छ ।साविकाका नौ वटा गाविसहरु यस गाउँपालिकामा समेटिएर हाल नौ वटा वडा कायम भएका छन् भने केन्द्र चिर्तुङ्धारामा रहेको छ । गाउँपालिकाको नामाकरण बगनास पर्वत, बनगास थोक, बगनास देवी, बगनासेचापी तथा पवित्रकाली गण्डकीको संयोजनबाट भएको हो । यस गाउँपालिका क्षेत्रमा बिभिन्न कला, संस्कृति, भाषा, धर्म कमा, जातजातिहरुको समिश्रण रहेबो छ । आर्थिक समृद्धिका लागि कृषि र धार्मीक पर्यटनका क्षेत्रमा परिवर्तनका प्रसस्त संभावना बोकेको छ । सिमानामा पूर्व रम्भा गाउँपालिका पश्चिममा तानसेन नगरपालिका, उत्तर काली गण्डकी नदी र दक्षिण माथागढी गाउँपालिका पर्दछन् । जनसंख्या २९,३६१ ज्ना जनगणना २०६८, २८,८४९ जना वास गणना २०७६, क्षेत्रफल ६४.१६ बर्ग किलो मिटर, खेती योग्य जमिन ४५ प्रतिशत, घरपरिवार ५,२५२, सामुदायिक बिद्यालय ३० वटा आधारभूत २० र माध्यामिक १०, संस्थागत बिद्यालय ७, स्वास्थ्इ संस्था ११, वडा कार्यलय ९, कृषि सेवा केन्द्र २, पशु सुवाकेन्द्र २ रहेका छन् । धार्मीक ऐैतितहासिक पयैटकिय तथा महत्वपूर्ण स्थल बगनास देवी स्थान, दर्लममहाकाली, महामृत्यु जन्य शिवासन, सिद्ध गुफा मन्दिर, राम नदी (राम्दी) धाम, महारानी, रानीमहल क्षेत्र, ऋषिकेषेश्वर मन्दिर, बौद्ध गुम्वा, माडीफाट, शिद्धबाबा मन्दिर, भगवती मन्दीर, शिवालय मन्दिर,कालीका मन्दिर, चेचीकोट मन्दिर,आर्यभञ्ज्याङ्ग, चिलाङ्गदी भञ्ज्याङ्ग, फिरभञ्ज्याङ्ग, तिनछाँगा, चमेर गुफा, गुडुवा खोला आदी रहेका छन् ।

## १.३. बगनासकाली गाँउपालिकाको लैससास रणनीति तयारीको उद्देश्य बिधीतथाप्रकृया

बगनासकाली गाउँपालिका भित्रका महिला, दलित, जनजाती, पछाडी पारिएका वा परेका समुदाय, अल्पसंख्यक, आर्थिक रुपमा बिपन्न वर्ग, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ती, अशक्त, बालबालीका लगायत भुगोलका हिसावले बिकट र बिभिन्न प्रकोपका जोखिममा रहेका वर्गहरुलाई विकासको मुलप्रबाहमा ल्याउन र त्यस्ता लक्षित वर्गहरुलाई बिशेष व्यवस्था गरी समता मुलक पद्धतीबाट समानता तिर लैजान आवश्यक रहेको र नीतिगत व्यवस्था गरी ति समुदायलाई स्थानीय सरकारका सेवा सुविधाहरु सहज, सरल र फाईदामुखी बनाउनु यो रणनीतिको मुल उद्देश्य रहेको छ ।

## सन्दर्भ सामग्रीको अध्ययन

यो रणनीति तर्जुमा गर्ने क्रममा गाउँपालिकामा उपलब्ध बिद्यमान नीति, नियम, कानुन, लैससासमा भए गरेका प्रयासहरु आदि कागजाजहरुको अध्ययन गरियो । त्यसै गरि लैससासमा निर्धारण भएका राष्ट्रिय प्रावधान, नीति तथा कानुन र व्यबस्थाहरुका साथ साथै प्रदेश प्रशिक्षण प्रतिष्ठानको कार्यविवरण आदिको अध्ययन गरियो ।

## परिचय तथा तयारी

स्थानीय तहहरुलाई लैससास रणनीति तर्जुमाको महत्व तथा कार्यान्वयन प्रकृयाका बारेमा छलफल गर्न यसगाउँपालिकामा २०७८/०९/२७का दिन तयारी तथा परिचयात्मक कार्यक्रम सञ्चालन गरियो । पालिका कार्यालयको सहयोगमा पालिका स्थित बहुसरोकारवालाहरुसग रणनीति निर्माणको सैद्धन्तिक पक्षलाई समेटेर पालिकाका सरोकारवालाहरसँग अभिमुखिकरण कार्यशालाको तयारी र सहभागीहरुको बारेमा छलफल गरियो । (जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, स्थानीय जानकार, संस्थाका प्रतिनिधि, शिक्षक, कृषक समुह, महिला तथा आमा समुह, लक्षित वर्गका प्रतिनिधि आदि) को सहभागितामा भएको उक्त छलफलमा संघिय संरचना अन्तरगत स्थापित स्थानीय सरकारहरुले अवलम्बन गर्नुपर्ने लैससास विकासको आवश्यकताको बारेमा अन्तरकृया गरियो र सामुहिक रुपमा प्राप्त तथ्य र तथ्यांकको बिश्लेषण गरियो । उक्त कार्यक्रममा पालिकाहरुका निर्वाचित राजनीतिक प्रतिनिधि तथा शाखागत कर्मचारीको समेत सहभागिता रहेको छ ।

## तथ्याङ्क संकलन तथा विश्लेषण

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको दिग्दर्शनमा उल्लिखित लैससास संग सम्वन्धित विषय वस्तुका आधारमा प्रश्नावली तयार पारी तथ्याङ्क संकलन गरिएको छ । पालिकाहरुकौ जनसांखिक, आर्थिक, समाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धि आधारभूत तथ्याङ्क संकलनका लागि संस्थागत सर्वेक्षण गर्नुका साथै गाउँपालिकाका बिभिन्न शाखाहरुले सम्पादन गरेका कार्यहरुको विवरण संकलनका लागि लक्षित समुह छलफल मार्फत पनि तथ्यांक संकलन गरिएको छ । तथ्यमा आधारित योजनाले मात्र पालिकाहरुको सोंच र लक्ष्यलाई दिशाबोध गर्न सक्ने भएकाले तथ्याङ्कका आधारमा पालिकाको वस्तुस्थिती विश्लेषण गरिएको छ ।

## कार्यशाला

गाउँपालिकाबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी तयार पारिएको खाकाका आधारमा पालिका स्तरीय कार्याशाला आयोजना गरियो । गाउँपालिकाका अध्ययक्ष श्री कृष्ण प्रसाद बस्यालको अध्यक्षतामा २०७८/०९/२९ गतेबाट संचालन भएको अभिमुखिकरणमा पालिकाका निर्वाचित जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिहरु, गाउँपालिकाका शाखा प्रमूखहरु, कर्मचारी तथा अन्य सरोकारवालाहरु समेत गरी करीव ३४ जनाको सहभागिता रहेको थियो । कार्याशालाको पहिलो

सेसनमा पालिकाहरुको बिद्यमान संगठनात्मक तथा मानवसंसाधन व्यबस्थापन, लैससास पुर्बधार तथा सेवासुबिधा, नीति नियम तथा कानुनहरु र लैससास क्षेत्रमा भए गरेका प्रयासहरु लगायतका विषयमा प्रस्तुतीकरण, बिश्लेषण साथै विषगत छलफल तथा अबस्था (SWOT Analysis) गरिएको थियो भने दोस्रो सेसनमा योजनाको सोच, लक्ष्य उद्देश्य रणनीति कार्यनीति तथा आगामी ५ वर्षमा पालिकाले लैससास रणनीति तर्जुमाको खाका. तयार गरियो ।

**मस्यौदा प्रतिवेदन तयारी**

बिभिन्न चरणका अध्ययन, बिश्लेषण, तथ्य तथा तथ्यांको आधारमा प्राप्त नतिजा र रणनीति योजना तर्जुमा कार्याशालाबाट प्राप्त सुचनाहरुलाई समेटी बगनासकाली पालिकाको लैससास रणनीति योजनाको प्रारम्भिक मस्यौदा प्रतिवेदन तयार गरियो । मस्यौदा प्रतिवेदनलाई पुन: पालिकामा प्रस्तुत गरी सुझावहरु संकलन गरी प्राप्त सुझावहरुलाइ समेत समाबेश गरी अन्तिम रुप दिइएको छ । यसरी तयार पारिएको लैससास रणनीति बगनासकाली गाउँपालिका र प्रदेश प्रशिक्षण प्रतिष्ठानलाइ समेत उपलब्ध हुने छ ।

**अन्तिम प्रतिवेदन पेश**

मस्यौदा प्रतिवदेनमा प्राप्त सुझावको सम्वोधन गरी पालिकामा अन्तिम प्रतिवेदन पेश गरिने छ ।

## १.४. लैससास परिभाषा -मुख्यशब्दावलीहरु

१. परिभाषा:बिषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा

क)"**नीति**"भन्नाले लैङ्गिक समानतातथा सामाजिक समावेशीकरण नीति, २०७६ सम्झनु पर्दछ ।

ख)"**स्थानीय तह**"भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति सम्झनु पर्दछ ।

ग)"**योजना**"भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागितयार गरिएको स्थानीय तहको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

घ)"**सामाजिक वञ्चितीकरण**" भन्नाले औपचारिक नियम, ऐन, कानुन आदि तथा परम्परा देखि चलिआएको अनौपचारिक मुल्यमान्यता बमोजिम लिंग, जातजाति, धर्म आदि विभेदका कारणले सुविधाबाट वञ्चित भएका अवस्थालाई सम्झनु पर्छ ।

ङ)"**सामाजिक समावेशीकरण**"भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवन यापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निमार्ण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चितालाई सम्झनु पर्छ ।

च)"**सामाजिक समावेशी सम्पर्क व्यक्ति**"भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

छ)"**सामाजिक समावेशी बजेट**"भन्नाले विभिन्न,जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएकाब्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रतिउत्तरदायि बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ। सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिचिश्चता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुनेगरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ।

ज) **लैंङ्गिकता** :कुनै पनि मानिस लिङ्गको आधारमा महिला वा पुरुष वा तेस्रो लिङ्गका कारण समाजद्धारा उनीहरुलाई दिइने बिभेदपुर्ण कामको भूमिका, उनीहरु प्रति गर्ने विभेदपुर्ण सामाजिक व्यवहार र उनीहरुलाई हेर्ने असमान दृष्टिकोण हो।

झ) **लैंङ्गिक मूलप्रवाहीकरण** :पालिकाको कुनै पनि योजनाबद्ध कार्य, विद्यमान संरचनाहरु र सबै विषयगत क्षेत्रका कानुन, नीति नियम, कार्यक्रम कार्यन्वयनको , बजेट र सेवा प्रवाह तथा योजना तर्जुमाका हरेक क्षेत्र तथा तह र तप्कामा लैङ्गिक समानतालाई आन्तरिकीकरण गर्ने स्थिति नै लैङ्गिक मूलप्रवाहीकरण हो।

ञ) **लैंङ्गिक संवेदनशिल** : सेवा प्रवाह प्रक्रिया र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला पुरुष र तेसो लिङ्गिहरुका विशेष आवश्यकता र प्राकृतिक अवस्था अनुसार उनीहरुको सन्तुलित विकास, सार्वजनिक लाभ प्राप्तीको सुनिश्चितता र अधिकार प्राप्ती प्रति गम्भीर हुनु हो।

ट) **लैंगिकमैत्री**: समाज वा राज्यको हरेक संरचना र नीति तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुमा महिला, पुरुष वा तेस्रो लिङ्गिहरुका विशेष आवश्यकताहरु सम्बोधनका लागि गरिने प्राथमिकता पुर्ण व्यवहार हो।

ठ) "**लैङ्गिक प्रभाव विश्लेषण**"भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्बित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ।

ड) "**लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट**"भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, यौनिक अल्पसंख्यक, अपांगता भएकाव्यक्ति, बाल-बालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ। लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई

केन्द्रमा राखेर उद्देश्य मूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्दछ ।

ढ) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण"**भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुष बीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ ।

ण)**"खण्डीकृत तथ्याङ्क"**भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एवम् एच.आई.भि.संक्रमितव्यक्ति तथा अन्य सीमान्तकरणमा परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।
त)**"गरिबी नक्शाङ्कन"**गरिबी नक्शाङ्कन भन्नाले एउटा निश्चित भू-भागमा बसोबास गर्ने घर परिवारको गरिबी र असमानताको स्थान केन्द्रित वितरण (Specific Distribution)बारे थाहा पाउन प्रयोग गर्ने विधिलाई सम्झनु पर्दछ ।

थ) **"लक्षितवर्ग/समूह"**भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङ्ता भएका ब्यक्ति,अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ ।

द)**"स्थानीयकरण"**भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाउँ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एवम् अधिकतम् उपयोग गर्ने प्रक्रिया सम्झनु पर्दछ ।

ध)**"बन्चित समुह"**भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवासी,जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग,जेष्ठ नागरीक, बाल-बालिका एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ ।

न)**"अल्पसंख्यक"**भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

प)**"सीमान्तीकृत"**भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट

वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति-सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

## २.बगनासकाली गाउँपालिकाको लैससासको अवस्था र शन्दर्भ बिश्लेषण

### २.१.बगनासकालीगाउँपालिको लैससासमा राजनैतिक, आर्थिक तथा सामाजिकपक्षहरु पक्ष :

राजनैतिक हिसावले यस गाउँपालिको वर्तमान अवस्थालाई हेर्दा महिला, दलित र जनजातिहरुको सहभागीता संविधानले व्यवस्था गरेको भन्दा बाहेक देखिदैन भने उनिहरुको निर्णायक भूमिकामा पनि असाध्यै कमजोर देखिन्छ। राजनीतिक दलमा लैससास लक्षित बर्गहरुको सहभागीता र नेतृत्व नगन्य छ। यसले के देखाउछ भने महिला, दलित, जनजाति,अपांङ्गता,बिपन्न बर्गलाई राजनैतिक रुपमा अगाडी आउन अझै थुप्रै चुनौतिहरु छन्। राजनैतिक चरित्र खर्चिलो हुँदैजानुले आर्थिक रुपमा बिपन्न समुदाय राजनीतिमा नआउने जोखिम बढाएंको छ। महिला, दलित, अपांङ्गता भएका समुदायलाई नेतृत्वले विश्वास नगरेको र ति बर्ग तथा समुदायबाट आफै अग्रसरता देखाउन नचाहानु पनि समस्याको रुपमा रहेका छ। त्यस्ता वर्ग तथा समुदायलाई राजनीतिक सचेतनाको अभाव देखिन्छ भने उनिहरु माथि अझै पनि राजनैतिक बिभेद कायमै छ।

आर्थिक सामाजिक सूचकका आधारमा कमजोर देखिएका घरपरिवार तथा व्यक्तिहरुको शिक्षा, स्वाथ्य, रोजगारी, आयआर्जनको अवसर तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत जीवन स्तरमा सुधार गरी गरिवी निवारण गर्ने उद्देश्यले सरकारी वा गैह्रसरकारी संघ संस्था वा निजी क्षेत्र र गाउँपालिका बीच अल्पकालिन वा दीर्घकालिन योजनाहरु संचालन गर्न गाँउपालिकाले कृषि उत्पादनमा वृद्धि गरी गाउँपालिकाको कृषि क्षेत्रमा रोजगारमुलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्ने उद्देश्यले यस गाउँपालिकामा कृषि पेशा अंगाल्ने घरपरिवारको संख्या उच्च रहेको हुनाले पनि परम्परागत कृषि प्रणालीमा अपेक्षाकृत सुधार ल्याउने प्रयास कृषिमा स्थानीय बासीन्दाहरुको उत्साहजनक आकर्षण भएको पाइन्छ। यस गाउँपालिकामा उक्त समुदायका अधिकांस ब्यक्तिहरुको आर्थिक, सामाजिक तथा शैक्षिक हिसावले जिवनस्तरमा अपेक्षाकृत सुधार हुन सकेको छैन। गाउँपालिका आर्थिक तथा प्राकृतिक सम्पदाको हिसावले प्रसस्त सम्भावना बोकेको गाउँपालिकामा भएपनि बर्तमान स्थिती हेर्दा यस गाउँपालिकाले आर्थिक सामाजिक क्षेत्रमा प्रसस्त लगानी तथा सकारात्मक प्रयासहरु गर्नु पर्ने देखिन्छ।

सामाजिक पक्षमा यस गाउँपालिका क्षेत्रभित्रका सबै वर्ग, लिङ्ग, जातजाती, उमेर समूत र अवस्थाका समुदायको स्रोत तथा लाभ प्राप्तीमा समतामूलक पहुँच सुनिश्चित गर्न आबश्यक छ त्यसको लागि सुशासनको प्रभावकारी कार्यान्वयनबाट विद्यमान लैंगिक बिभेद, घरेलु हिंसा, लैंगिक हिंसा, बाल हिंसा, बालबिबाह, जातीय बिभेद तथा बिभिन्न सामाजिक विभेदहरुको अन्त्य गरी सामाजिक न्यायमा आधारीत समाज निर्माणका लागि नीतिगत रुपमा नियमन गर्न आजको जरुरी विषय छ।

गाउँपालिकामा जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीयतहसँग भएको सम्भौता भएता पनि शिक्षा, स्वास्थ्य, रोजगारी र नेतृत्व बहन जस्ता आर्थिक, सामाजिक र राजनैतिक अवसरहरुमा महिला, दलित तथा पछाडी पारिएका बर्ग समुदाय र ब्यक्तिको समानुपातिक वा न्यायिक पहुँच हुन सकेको देखिदैन । गाउँपालिकाबाट लैंगिक समानता तथा समाबेशी विकास लगायत गरिवी न्यूनीकरण क्षेत्रमा केही सकारात्मक प्रयासहरु अवलम्वन गरिएका छन् । तर यसको प्रभावकारीता र निरन्तरताका लागि नीतिगत ब्यबस्था सहित विकास प्रक्रिया थालनी गर्नु आबश्यक देखिन्छ । सुशासनको प्रभावकारी कार्यान्वयनबाट गाउँपालिका क्षेत्रभित्रका सबै वर्ग, लिङ्ग, जातजाती, उमेर समूह र अवस्थाका समुदायको स्रोत तथा लाभ प्राप्तीमा समतामूलक पहुँच सुनिश्चित गर्न आबश्यक छ ।

**२.२. लक्षित समूहहरुको नक्सांकन् बञ्चितिकरणमा परेका समुदायको अवस्था तथा तथ्यांङ्क :**

बगनासकाली गाउँपालिकाभित्र लैससासका लक्षित वर्गहरुको एकिन् तथ्यांङ्क संकलन गरी अध्यावधिक गरेको पाईदैन यद्दपी, गाउँपालिकाले लक्षित बर्गहरुका लागि बिभिन्न कार्यक्रमहरुमा बजेट बिनियोजन गरी उनिहरुलाई फाईदा पुऱ्याउने हेतुले कार्यक्रमहरु कार्यान्वयन गरिरहेको अवस्था छ । तर पनि नीतिगत अभावका कारण कार्यक्रमहरु स्पष्ट तय हुन सकिरहेका छैनन् । लक्षित वर्गका लागि संचालन गरिएका कार्यक्रमहरुमा पनि साँच्चै आवश्यक परेका वर्ग र समुदाय सम्म पुग्न नसकेको, सबै लक्षित वर्गहरुलाई समान स्तरमा समावेश गरिएको अथवा लक्षित वर्ग भित्रपनि समस्यामा को छन् भन्ने फरक नछुट्टयाई सबैलाई समान सेवाप्रबाह गरिएको अवस्था छ ।

रणनीति तथा कार्यक्रमहरुको अभावले गर्दा महिला तथा पछाडि परेका वा पारिएका समुहको आवश्यकता सम्बोधन गर्न सकिएको अवस्था अझै पनि छैन । लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण बहु-क्षेत्रगत सवाल हो त्यस्तै गरि बिभिन्न मन्त्रालय तथा कार्यालयहरुले लैससास नीति तथा मार्गदर्शन तयार गरिएता पनि केन्द्र देखि स्थानीय सरकारहरुले लैससास नीति, रणनीति र कार्यविधि बनाई नसकेको र निर्माण गरिएको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयन गर्न अझै पनि चुनौतीहरु छन् ।

यसैगरि सबैजसो प्रदेश सरकार र स्थानीय सरकारले लैससासको नीति तथा कार्यविधि बनाएर योजना, कार्यक्रम तथा बजेटको तर्जूमा गरि नसकेको विद्यमान अवस्थामा सो सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूमा लैङ्गिक संवेदनशीलताको अभाव खड्किरहेको छ । फलस्वरूप लैङ्गिक उत्तरदायी बजेट प्रणालीका आधार भूतपक्षहरू समेत ओझेलमा परेका छन् जसले गर्दा लैङ्गिक मूलप्रवाहीकरणका प्रयासहरूमा महिला, दलित तथा पिछडिएका समूहको सारभूत सहभागिता भन्दा औपचारिक प्रतिनिधित्वमा सीमितहुन पुगेको छ ।

बिगत तीन बर्ष देखि कोभिड-१९ को संक्रमण सुरु भएपश्चात विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसाको वृद्धि भएको छ । घरेलु हिंसा दिनदिनै बढ्दै गइरहेको सन्दर्भमा गाउँपालिकाले लैससासको अवधारणालाई ब्यबहारिक रुपमा सफल कार्यन्वयन गर्न अहिले झनै चुनौतिपूर्ण हुनपुगेको छ । त्यसैले लैससासको लागि राजनीतिक प्रतिवद्धता, इच्छाशक्ति र स्रोत साधनको

परिचालन र जनचेतना अभिबृद्धि गरि गाउँपालिकाको हरेक विकास योजना तथा कार्यक्रमहरुमा लैससासलाई मूलप्रवाहीकरण गर्ने सोँच, ज्ञान र दक्षता भएका जनशक्तिको व्यवस्थापन, स्रोत साधनको परिचालन, अन्तर-निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने कार्य यस गाउँपालिकाको लागि पनि चुनौतीका रूपमा रहेका छन् ।

**२.३ सरोकारवालाहरुको बिश्लेषण :**

बगनासकाली गाउँपालिका भित्रका बिभिन्न सरकारी, सघ संस्था, निजि कार्यालयहरुले प्रदान गर्ने सेवातथा सुबिधाहरुमा महिला, दलित तथा पछाडि परेका समुदायको पहुंचमा र निर्णय गर्ने क्षमतामा कमि हुन गएको छ । जसकारण उनीहरुले तर्जुमा गर्ने योजना, कार्यक्रमतथा बजेट लैङ्गिक उत्तरदायि वा लैङ्गिक संवेदनशिलहुनसकेन । यसको साथै सबै कार्यालयमा लैससासलाई मूलप्रवाहिकरण गर्नको लागि संरचनाहरुको कमि र यस विषयमा सबैको जानकारी समान रुपमाभएनत्यसले गर्दा लैससास विषयलाई सबैले गम्भिर रुपले आन्तरिकरण गर्न कठिन भईरहेको छ । गाउँपालिका लगायत स्थानीय स्तरमा रहेका सहकारी, लघुबित्त वितीय संस्था, बैंक, ब्यापार संघ, रानीतिक दलहरु, बिभिन्न संजालहरु, समन्वय समितिहरु , हेफर इन्टरनेश्नल, विद्यालयहरु, वडाकार्यलय, स्वस्थ्य संस्थाहरु र बिभिन्न संघसंस्थाहरु साथै स्वास्थ्य संयम् सेविकाहरु यसका मुख्य सरोकारवाला निकायहरु रहेका छन् ।

माथी उल्लेखित सरोकारवालाहरु संगको सहकार्य अत्यन्त आवश्यक छ । छरिएर गरिएका प्रयासहरुलाई एकत्रित गरी आवश्यक्ताका आधारमा सबै पक्ष र क्षेत्रबाट सामूहिक कार्यगत एकताले लाभान्वित बर्गलाई बढी फाईदा पुऱ्याउन सकिन्छ ।

**२.४ बगनासकाली पालिकाको लैससासको दृष्टिबाट सवल पक्ष र कमजोर पक्ष -आन्तरिक) तथा अवसर र बाधा बाह्य पक्ष बिश्लेषण :**

**सवल पक्ष :**

यस बगनासकाली गाउँपालिकाले विगतबर्षहरु देखि नै लक्षित वर्गहरुलाई लक्षित गरी बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आईरहेको पाईयो । खासगरी, महिला, दलित, जनजाती, अपांङ्गता भएका, जेष्ठनागरीक, बालबालीका र आर्थिकरुपमा बिपन्न परिवारलाई लक्षित गरेर बिभिन्न कार्यक्रमहरु भईरहेको छन् । बगनासकाली गाउँपालिकाको लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७८ कार्यन्वयनमा रहेका अवस्था छ ।

१. जेष्ठ नागरीक, सम्मान, पोषण, भ्रमण तिर्थ यात्रा आदी, अशक्त नागरीकहरुको लागि लठी र ह्वील चियर बितरण ।

२. महिला भवन निमार्ण, तालीम, सिलाई कटाई, ढाका, व्याग निमार्ण र बुटीक आदी ।

३. महिला तथा बालबालिकाको लागि पोषण तथा स्वास्थ्य प्रर्वधन कार्यक्रम ।

४. जेष्ठनागरीक र अशक्तहरुलाई सम्मान कार्यक्रम ।

५. महिला, अशक्त र दलित लक्षित सिपमुलक तथा क्षमता विकास तालीम ।

६. एकल महिलाका लागि सिलाई कटाई मेसिन सेट वितरण

७. एकल महिला संजाल गठन् गरी कानुनी तालीम

८. अशक्तहरुका लागि सम्मान, नियमित परिचय पत्र वितरण ।

९. दलितहरुका लागि बाखा, बंगुर, कुखुरा, आरन व्यवस्थापन सम्बन्धी तालीम ।

१०. पूर्ण संस्थागत सुत्केरी घोषणा ।

११. बालमैत्री स्थानीय शासन घोषणा ।

माथी उल्लेखित कार्यक्रमहरु हरेक बर्ष भईरहेका भए पनि लैससास लक्षित बर्गभित्रका पनि बिशेष सुविधा वा समता मुलक नभई समानताका आधारमा गरिरएको छ ।

**कमजोर पक्ष :**

नीतिगत व्यवस्था नहुँदा खास फाईदा पुग्नु पर्ने समुदायका खास व्यक्ति वा परिवार लाभान्वीत नभईरहेको अवस्था छ । यस गाउँपालिका भित्रका लैससासका लक्षित वर्गको अवस्था कस्तो छ ? कति संख्यामा छन् ?भन्ने यकिन् तथ्याङ्क उपलब्ध छैन । साथै महिलाहिंसा, बालबिवाह रोक्न नसकिएको, घरायसीकाम महिलाले मात्रै गर्नु पर्ने अवस्था यथावत रहेको, लक्षित बर्गलाई रोजगार बनाउन नसकिएको साथै व्यवसायिक गुणस्तरीय प्रवाधिक शिक्षा उपलब्ध गराउन नसकिएको ।

**अवसर :**

संविधान, ऐन, कानुन् बिभिन्न निर्देशिकाहरु, नियमावलीहरु र रणनीति योजनाहरुले निर्दिष्ट गरेकोले यस क्षेत्रमा काम गर्न अवसर छ । लक्षित बर्गहरुको सचेतनाको स्तर बिस्तारै बढीरहेको छ , संघ, प्रदेश सरकारकोसंगको सम्बन्ध बलियो छ । बिभिन्न संघ संस्थाहरुसँग सहकार्य गर्ने रणनीति लिईएको छ, स्थानीय स्तरमा नै श्रोत व्यक्तीहरु उत्पादन भईरहेका छन् साथै लैससास सबालले महत्व पाउदै जानु गाउँ पालिकाका लागि अवसर हुन् ।

**बाधा :**

परम्परा देखि चलिआएका संस्कार, संस्कृति अथवा बिभिन्न खालका बिभेदहरुलाई तथा नकारात्मक मुल्यमान्यताहरुले अझै पनि समाजमा प्रभाव पारिरहनु लैससास् सवाललाई अगाडी बढाउन मुख्या बाधा छ भने सिमति श्रोत साधनले सबै पक्षलाई समेट्नु पर्ने अवस्था रहेको छ ।

## २.५. बगनासकाली गाउँपालिका लैससासका प्रमुख सवालहरु

गाउँपालिकाबाट तर्जुमा गरी कार्यान्वयन गरिने सबै नीति, योजनातथाकार्यक्रमहरुलाई लैङ्गिक समानतातथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गरी बिषेश गरी महिला, दलिततथा पिछडिएका वर्गको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिकअवस्थामा गुणात्मक सुधार गर्नु ।

साथै संविधानद्वारा प्रदत्तहकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अंगहरूमा महिला, दलित, आदिवासी जनजाति,मजदुर, किसान, अपाङ्गता भएकाव्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बन्चितिकरणका कारण सामाजिक समुहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्नु।

मथि उल्लेखित समस्या र चुनौतिलाई सम्बोधन गर्ने गरी केन्द्रिय सरकारबाट जारी भएका लैससास सम्बन्धी विभिन्न नीति, कार्यविधि, निर्देशिका आदिलाई स्थापित संरचनाहरु मार्फत कार्यान्वयन गरि अनुगमन तथा मूल्याकंन प्रक्रिया र स्थानीय तहको कार्य सम्पादनमा लैससास सबोधन् गर्ने गरी लैससास अवधारणासंग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन आवश्यकछ।

विभिन्न समूहका महिलाहरु बीचको असमानतामा वृद्धि भैरहेको र पहिचानका समस्याले गर्दा लक्षित महिला, सीमान्तकृत तथा विपन्न महिलाहरुले सेवा सुविधा प्राप्त गर्न सकिरहेका छैनन्।

महिला तथा बालबालिका माथिहुने सबै प्रकारको हिंसा, बेचबिखन, घरायसी कामकाज, गरिबी सम्बन्धी खण्डीकृत तथ्यांकको अभाव रहेको र लैङ्गिक समानता र महिला सशक्तिकरणको लागि नियमित र चुस्त अनुगमन पद्धतिको अभाव छ।

महिला, दलित, आदिवासी जनजाति,उत्पीडित वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिकतथा यौनिक अल्पसंख्यक, अपांगता भएकाव्यक्ति, गर्भावस्थाकाव्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवामा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा ज्यादै कम लगानी गर्ने प्रबृत्ति छ।

हाल कोभिड-१९ को संक्रमण सुरु भए पश्चात बढेको विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसाको अन्त्य गर्न बिभिन्न सरकारी, गैर सरकारी तथा अन्य सघं-संस्थाहरुसंग समन्वय तथा सहकार्य गरि काम गर्नुपर्ने अवस्था छ।

## २.६. पालिकाको आगामी लैससास रणनीतिको लागि लक्षित कार्यक्षत्र

बगनासकाली गाउँपालिकाको लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिकाको दिर्घकालिन योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाइनेछ।

बिद्यमान सकारात्मक उपलब्धीलाई संस्थागत गरी विपन्न एंव बञ्चित ब्यक्ति, समुदायले सामाना गर्नु परेका लैंगिक बिभेद, जातीय बिभेद, गलत सामाजिक अभ्यास तथा कुरीति बिरुद्ध रणनीति तथा कार्यनीति बनाई कार्यान्वयन गरिनेछ।

समतामूलक बितरण प्रणलीलाई आत्मासाथ गरी पृथक आवश्यक्तालाई बिभिन्न कार्यक्रमहरु मर्फत संबोधन गरिने छ।

सबैखाले सेवाग्राही मैत्री संम्रचना निर्माण कार्यलाई निरन्तरता दिईने छ।

३. रणनीतिको दिर्घकालिन सोंच, लक्ष्यतथा उद्देश्यहरु

३.१. दिर्घकालिन सोंच :
समृद्ध बगनासकालीको मुल आधार पूर्ण समावेशीकरण सहितको विकास र पूर्वाधार ।

३.२.ध्येय
शिक्षा, स्वास्थ्य र रोजगार र शसक्तिकरण सहितको समतामुलक समाज निमार्ण ।

३..३. लक्ष्य
यस गाउँपालिकामा पाँच बर्ष सम्ममा लैससास तथा सामाजिक समावेशीकरण सहित शिक्षा स्वास्थ्य र रोजगारीमा समान अवस्था भएका हुनेछन् ।

३.४. मुख्य उद्देश्य :
यस रणनीतिको मुख्य उद्देश्य स्थानीय सरकारले गर्ने सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक बितरण र उपयोगी बनाउने रहेको छ ।
**यसका उद्देश्यहरु यस प्रकार छन:**

३.४.१.संबिधानमा उल्लेखित लैससास बारे भएको व्यवस्थाहरुको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, रणनीति, कार्यबिधि, लैससासबारे राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास गर्ने ।

३.४.२. लैगिंक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैंगिक उत्तरदायी बजेट मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा लैससास मूलप्रबाहिकरण गर्दै लैजाने ।

३.४.३ गाउँपालीका एवम् अन्य सेवाप्रदायक सरोकारवाला संस्थाहरु सहित लक्षित बर्ग/समूहको आर्थिक, सामाजिक, राजनीतिक र सार्वजनिक जिवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्दि गर्ने नीतिलिई समावेशिकरण तथा सहजिकरण गर्ने ।

३.४.४. लैससासको लक्षितवर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको क्षेत्रमा पहुँच बिस्तार गरी आर्थिक अवस्था सूधार हुने खालका कार्यक्रमहरु बनाई कार्यान्वयनमा लैजाने साथै बिधमान सामाजिक बिभेदहरु अन्त्य गर्न स्थानीय पाठ्याक्रममा आधारित स्थानीय पाठ्यपुस्तकमा समावेश गर्ने ।

३.४. ५. गाउँपालीकाको सवै नीतिनिर्माण, योजना र आयोजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन प्रत्येक चरणमा लैससास दृष्किोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

### ३.५लैङ्गिक समानतातथा सामाजिक समावेशिकरण रणनीतिको औचित्यता

प्रथमतः लैङ्गिक समानता तथा सामाजिक समावेशिताबारे नेपालको संबिधानमा भएको व्यवस्थाहरुको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, बिगतमा निर्माण भएका नीति, नियम, ऐन, कानुन, कार्यबिधि लैससासबारे राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता र नेपालले बिगतमा भोगेका समस्या तथा चुनौतीहरुलाई मध्ये नजर गर्दै तिनीहरुको समाधान प्रभावकारी रुपमा गर्न यो रणनीतिको औचित्यता महसुस गरिएको हो ।

त्यस्तै गरि गाउँपालिकाबाट तर्जुमा गरी कार्यान्वयन गरिने सबै नीति, योजना तथा कार्यक्रमहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गरी विषेश गरी महिला, दलित तथा पिछडिएका वर्गको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अवस्थामा सुधार गर्नुपर्ने भएकाले,

साथै संबिधानद्वारा प्रदत्तहकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अंगहरूमा महिला, दलित, आदिवासी जनजाति,मजदुर, किसान, अपाङ्गता भएकाव्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बन्चितिकरणका कारण सामाजिक समुहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्नुपर्ने भएकोले,

मथि उल्लेखित समस्या र चुनौतिलाई सम्बोधन गर्ने गरी केन्द्रिय सरकारबाट जारी भएका लैससास सम्बन्धी विभिन्न नीति, कार्यविधि, निर्देशिका आदिलाई स्थापित संरचनाहरु मार्फत कार्यान्वयन गरि अनुगमन तथा मूल्याकंन प्रक्रिया र स्थानीयतहको कार्य सम्पादनमा लैससास सवोधन् गर्ने गरी लैससास अवधारणासंग नीतिगत र कार्यगत परिपूरक र सामन्जस्यता ल्याउन आवश्यक भएकोले,

विभिन्न समूहका महिलाहरु बीचको असमानतामा वृद्धि भैरहेको र पहिचानका समस्याले गर्दा लक्षित महिला, सीमान्तकृत तथा विपन्न महिलाहरुले सेवा सुविधा प्राप्त गर्न नसकेकोले,

महिला तथा बालबालिका माथि हुने सबै प्रकारको हिंसा, बेचबिखन, घरायसी कामकाज, गरिबी सम्बन्धी खण्डीकृत तथ्यांकको अभाव रहेको र लैङ्गिक समानता र महिला सशक्तिकरणको लागि नियमित र चुस्त अनुगमन पद्धतिको पनिअभाव भएकोले,

महिला, दलित, आदिवासी जनजाति,उत्पीडित वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएकाव्यक्ति, गर्भावस्थाकाव्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवामा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा ज्यादै कमल गानी गर्ने प्रबृत्ति भएकोले,

हाल कोभिड-१९ को संक्रमण सुरु भएपश्चात बढेको विभिन्न खालका लैङ्गिक हिंसा तथा घरेलु हिंसाको अन्त्य गर्न बिभिन्न सरकारी, गैर सरकारी तथा अन्य सघं-संस्थाहरुसंग समन्वय तथा सहकार्य गरि काम गर्नुपर्ने भएकोले।

उल्लेखित औचित्यताहरूलाई पुरा गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ११, उपधारा २, बुँदा ७ को उपबुँदा २ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी गाउँपालिकाको लागि यो ५ बर्षे "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७८" तयार गरिएको हो ।

**३.६. मूल्य मान्यताहरु**

बगनासकाली गाउँपालिकाको लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिकाको दिर्घकालिन योजना तथा कार्यक्रमलाई लैससासमैत्री बनाइनेछ । बिद्यमान सकारात्मक उपलब्धीलाई संस्थागत गरी विपन्न एंव वञ्चित व्यक्ति, समुदायले सामाना गर्नु परेका लैंगिक बिभेद, जातीय बिभेद, गलत सामाजिक अभ्यास तथा कुरीति बिरुद्ध रणनीति तथा कार्यनीति बनाई कार्यान्वयन गरिनेछ । लैंङ्गिक समानता र सामाजिक न्यायमा आधारीत समुद्ध गाउँपालिका निर्माण गर्ने परिकल्पनालाई साकार पारिने छ ।

**३.७. लैससास रणनीतिक उधेश्यहरु र मुख्य कियाकलापहरु :**

**१.मूलप्रवाहिकरण:**

क) गाउँपालिका तहमा महिला, गरीब तथा गरीब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरुको पहिचान तथा लेखजोखा गरि नीति गतब्यस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावारण र संस्कृतिक, योजना, बजेट, पहुच युक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदिकार्य मार्फत पछाडी परेका वा पारिएका असक्त, गरीब तथा लक्षितवर्ग/समूहको सवाल र समस्या पहिचान गरि उनीहरुलाई समानअवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरुको समग्र गाउँपालिकाको विकास प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ ।

ख) लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैंगिक उत्तरदायी बजेट मार्फत गाउँपालिका संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुमा समावेश गरि लैगिक समानता र सबै जातजातिको अर्थपूर्ण सहभागिता गराई लैगिक मूलप्रबाहिकरण गर्दै लगिनेछ ।

**२. आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सहजिकरण:**

विकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका अशक्त, गरीब, विकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडी परेका वा पारिएका असक्त, गरीब तथा लक्षितवर्ग/समूहको गाउँपालिकाको समग्र शासन प्रणालीमा अर्थपूर्ण सहभागिता गराई उनीहरुलाई सवल बनाई आर्थिक, सामाजिक र राजनितिक समावेशिकरण तथा सशक्तिकरण गर्नुको साथै आउन सक्ने प्राकृतिक तथा मानवसिर्जित बिपत व्यवस्थापन गर्दै कृषि, सहकारी, पर्यटन आदिको समुचित विकास गरि गाउँबासीको लागि स्वःरोजगारीको व्यवस्था गर्दै लगिनेछ।

**३. संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास:**

क) लैससासबारे संबिधान, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि आदिमा भएको व्यवस्थाहरुको सबै सरोकारवालाहरुसंग प्रभाबकारी समन्वय कायम गरि कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना निर्माण गरि गाउँपालिका लगायतका सेवाप्रदायक सरोकारवाला संस्थाहरुलाई लैससास प्रतिउत्तरदायी रहि जवाफदेही बनाउदै लगिनेछ।

ख) स्थानीय नागरिक विशेष गरी पछाडी परेका वा पारिएका असक्त, गरीब तथा लक्षितवर्ग/समूहको चुस्त/दुरुस्त संस्थागत संरचना मार्फत योजनाबद्ध रुपमा व्यक्तिगत र सामुहिक सचेतिकरण तथा क्षमता अभिबृद्धि गरी गाउँपालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपुर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक बिकास गरिनेछ।

ग) सामाजिक संरक्षण र सुरक्षा विशेष गरि बालबालिका,जेष्ठ नागरिक, अशक्त तथा अपांगता आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षाप्रदान गर्ने रणनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धि कार्यक्रमहरु लागु गर्दै लैजाने।

**४. समन्वय, सहकार्य र सहजिकरण:**

लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजिकरण गरिनेछ।

**५. अनुगमनतथामूल्यांकन:**

गाउँपालिकाका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

**३.८. लैससास मुलप्रवाहिकरण रणनीति कार्यान्वयनको लागि कार्ययोजना :**
**३.८.१. कार्यनीति -उद्देश्य ३.१.१ संग सम्बन्धित)**

क) गाउँपालिकाको आवधिक एवंम् वार्षिक योजना,कार्यक्रम तथा बजेट चक्रमा गाउँपालिकाले लैससासमैत्री योजना र कार्यक्रम निर्माण गर्न पुजीगत बजेटको कम्तिमा ३५ प्रतिशत बजेट छुट्याइने छ।

ख) गाउँपालिकाको आवधिक एवमं वार्षिक योजना, विद्यमान नीति, निर्देशिका र कार्यविधिको अध्ययन तथा विश्लेषण गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुनेगरी परिमार्जन र संशोधन गर्ने ।

ग) बढी भन्दा बढी अर्थपुर्ण जनसहभागीता सुनिश्चित गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्य क्षेत्रगत सर्त निर्धारण गर्नेछ।

घ) सेवाप्रवाह संयन्त्र र प्रक्रिया लैससासमैत्री हुनेगरी सुधार एवम् विकास गर्ने छ।

ङ) लैंगिक उतरदायी योजना तथा बजेट तर्जुमा तथा लैंगिक लेखजोखा बिधीलाई लैंगिक पुर्णरुपमा कार्यान्वयनमा ल्याईनेछ ।

च) लैससास आचरण र व्यबहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजिकार्यशैली अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी लागू गराउन उत्प्रेरित गर्ने छ ।

छ) लैगिक उत्तरदायी योजना तथा बजेट मार्फत नतिजामुखी आवाधिक र बार्षिक योजना तर्जुमा गरी सोको कार्यन्वयन गर्ने छ ।

ज) लैङ्गिकउ त्तरदायी योजना तथा बजेट तर्जुमाका लागि सूचकहरु निर्धारण गरी यसको प्रयोगलाई योजना तथा बजेट तर्जुमा, मापन र परीक्षण प्रक्रियामा एकरुपता र सरलीकरण गरी लैङ्गिक उत्तरदायी बजेट सुनिश्चित गर्ने छ ।

झ) लैंगिक उत्तरदायी योजना तथा बजेटलाई स्थानीय सरकारले आन्तरिकरण गरी यसको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास गरिनेछ ।

ञ)सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधारमानि योजना तर्जुमा गर्ने ।

ट)लैससास नीति तय गरि नीतिले निर्दिष्ट गरे बमोजिम रणनीति र कार्यनीतिका र्यान्वयन गर्न लैससास कार्यान्वयन कार्यविधि वा कार्यान्वयन निर्देशिका बनाई लागु गर्ने ।

ठ) सेवाप्रदायक निकायका सरोकारवालाहरुलाई लैंगिक उत्तरदायी वजेट विधि कार्यान्वयन सम्बन्धि सीप विकास गर्ने छ ।

ड) गाउँपालिका सेवाप्रदायक र सेवाग्राही दुबै पक्षका सरकोरवालालई लैंगिक उत्तरदायी वजेट सम्बन्धि सूचना तथा जानकारी नियमित रुपमाप्रदान गर्ने प्रबन्ध गरिने छ । यसका लागि आम सञ्चार माध्यमको प्रयोग गर्ने छ ।

ण) कृषि, सहकारी, पर्यटन आदिको समुश्चित विकास एवं प्रबद्धन गरि गाउँबासीको लागि स्ब:रोजगारीको ब्यबस्था गर्दै लगिनेछ ।

**३.८.२. कार्यनीति -उद्देश्य ३.१.२ संग सम्बन्धित)**

क) स्थानीय शासन संग सम्बन्धित बिभिन्न ऐन, नियम, कानून, नीति, नियमहरुको अन्तर्राष्ट्रिय मूल्य-मान्यता तथा मापदण्ड अनुरुप सबै सरोकारवालाहरुलाई संलग्न गराई लैससास दृष्टिकोण पुनरावलोकन तथा निर्माण गर्ने छ ।

ख) खण्डीकृत तथ्याक र तथ्यगत सूचनाको आधारमा सामाजिकत थाआर्थिक स्थिति विश्लेषण गरि गरिब तथा बञ्चितिकरणमा परेका समूहको पहिचान गर्ने छ ।

ख. दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएकाब्यक्ति, अल्पसंख्यक आदिको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्दि गर्ने कार्यनीतिलिई समावेशिकरण तथा सशक्तिकरण गर्ने छ ।

ग) विविधताको सम्मान गर्ने विपन्न बर्गहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधातथाविजयि स्रोतमापहुँच अभिबृद्दि गर्ने योजना र कार्यक्रम निर्माण गरि कार्यान्वियन गर्ने छ ।

**३.८.३ कार्यनीति -उद्देश्य४.१.३ संग सम्बन्धित)**

क) लैससासका लागि सस्थांगत र व्यक्तिगत दुबै क्षमता विकासका क्षेत्रहरू पहिचान गरि विभिन्न सचेतिकरण तथा क्षमता विकासकाकार्यक्रमहरु सञ्चालन गराईनेछ ।

ख)गाउँपालिकाका योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रणालीमा आवद्ध सामुदायिक संघ-संस्था, विभिन्न सञ्जाल, सहकारी तथा महासङ्घ, समूहहरू तथा नागरिक समाजको क्षमता विकासको दायरामा ल्याइनेछ ।

ग) सबै समुदायका विपन्न महिला-पुरुषहरू, युवा, बालबालिका, राजनितिक दल, नागरिक समाज, सामुदायिक संस्थाहरुसँगको निरन्तर अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि हुने गरी गाउँपालिकाको ७ चरणको योजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा वञ्चितीकरणमा परेका/पारिएकाहरूका लागि विद्यमान प्रावधानहरू र गाउँपालिकाको जिम्मेवारीका सम्बन्धमा सु-सूचित गराउन चेतना मूलककार्यक्रमहरू सघन एवम् निरन्तर सञ्चालन गराईनेछ ।

घ) लैससास सम्बन्धी जानकारी दिन सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण र कार्यान्वयन गर्ने ।

ङ) गाउँपालिकाको प्रमुख एवम् राजनीतिक दलका प्रतिनिधिहरूलाई लैससासको मूलअवधारणा र यस सम्वन्धी संवेदनशील बनाउने ।

च) लैससास सम्बन्धी जानकारीमूलक र सूचनामूलक सामाग्रीको प्रकाशन र तालिम निर्देशिकाहरु तयार गरी समयानुकूल सुधार गरी कार्यन्वयनमा ल्याईने ।

छ) प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरूको भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका बर्ग तथा समुदायले सजिलै ग्रहण गर्ने गरी निर्धारण गराईनेछ ।

ज) गाउँपालिकाले आयोजनाहरू छनौट गर्नका लागि आधार मापदण्डहरू पहिचान गर्न उनीहरूको क्षमता अभिवृद्दि गर्ने ।

झ) लैससास सम्बन्धी असल अभ्यास छनौट गरी सोको प्रचार प्रसार गर्न उत्प्रेरित गर्ने ।

ञ) लैससास आचरण र व्यवहार एक आदर्श, नैतिक विषय समेत भएकाले सेवाप्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजनिक र निजिकार्यशैली तद्अनुकुल बनाउन मार्गदर्शन आचारसंहिता निर्माण गरी सो बमोजिम क्षमता अभिवृद्दि गरी लागू गराउन उत्प्रेरित गर्ने र कार्यसम्पादन मूल्यांकनमा यसलाई पनि आधार बनाउन विधि तय गर्ने ।

ट)लक्षित वर्गको आर्थिक अवस्थामा उल्लेखिय सूधार ल्याउन वित्तीय साक्षरता अभियान तथा आर्थिक अनुसाशन सम्बन्धीकार्यहरु निर्धारण गरी कार्यान्यवनमा ल्याउने ।

**३.८.४ कार्यनीति -उद्देश्य ३.१.४ संग सम्बन्धित)**

क) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसंग समन्वय, सहकार्य र सहजिकरण गर्ने ।

ख) आदिवासी जनजाति तथा दलित बर्गको जीविको पार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने र सबै वर्गलाई लक्षीत गर्दै कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता विकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने ।

ग)बार्षिक योजनातथा बजेट तर्जुमा गर्दा सामाजिक रुपले पछाडी पारिएका एबं विपन्न र बञ्चित समुदायको सहभागिता बढाउन क्षमता विकास काकार्यक्रमहरु संचालन गर्ने ।

घ)प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत व्यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने ।

**३.८.५ कार्यनीति -उद्देश्य ३.१.५ संग सम्बन्धित)**

क)गाउँपालिका सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै जानेछ ।

ख) लैङ्गिक डेस्कको विकासको लागि वजेटको व्यवस्था गराई सो अनुसार कार्यक्रम पहिचान गर्ने र लैङ्गिक विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति तय गर्ने।

ग)गाउँपालिका तथा वडातहमा हाल निर्णायक भूमिकामा रहेका महिला, दलित तथा बञ्चित समुदायका व्यक्तिको नेतृत्व बहन क्षमता विकास सम्बन्धी कार्यक्रम संचालन गर्ने,

ग)गाउँपालिका तहमा गठन भएका लक्षीत व्यक्ति, समुदायका सञ्जाललाई क्षमता बिकास सम्बन्धी तालीम मार्फत योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता बृद्धि गर्ने ।

घ)लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरुबीच कार्यगत अनुगमन संयन्त्र ( संजाल) बनाईने छ ।

बगनासकाली गाउँपालिकाको लैससास मूलप्रवाहिकरण रणनीति कार्यान्वयनका लागि पाँच बर्षे कार्ययोजना

रणनीति, कार्यक्रमतथा प्रमाणीकरणका आधारहरु:

| सि. न | रणनीतिक | प्रमुखक्रियाकलापहरु | जिम्मेबारी र सहयोगिनिकाय | समय अवधि | प्रमाणीकरणको आधार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मूलप्रवाहिकरण: | १. गाउँपालिकाको आवधिक एवंम् वार्षिक योजना, लैससास सम्बन्धि ऐन कानून निर्माण गर्ने ।<br><br>२.नीति, निर्देशिका र कार्यविधिको अध्ययन विश्लेषण गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित हुनेगरी परिमार्जन र संशोधन गर्ने।<br><br>३ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति वा रणनीति र क्षेत्रगत कार्यविधि निमार्ण गर्ने।<br><br>४. लैंगिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैंगिक उत्तरदायी बजेट मार्फत गाउँपालिकाको र यसक्षेत्र अन्तर्गतका प्रत्येक सरकारी, गैरसरकारी संस्था एवम् निजिक्षेत्रबाट सञ्चालित योजना तथा कार्यक्रमको लैंगिक तथा सामाजिक समावेशी परीक्षण गर्ने, गराउने।<br><br>५. लैंगिक हिंसा, घरेलु हिंसा, बालविवाह, | गाउँपालिका, वडा कार्यालयहरू, केन्द्र र प्रदेश सरकार, संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, निजी क्षेत्रआदि । | १-३ बर्ष | १. गापा. को निर्णय तथा राजपत्रको प्रति, निर्माण भएका कानूनहरूको प्रतिलिपि र तिनीहरूको कार्यान्वयन योजना, बजेट तथा प्रतिवेदनहरू, कार्यालय वेबसाइट आदि ।<br><br>२ नीति, निर्देशिका र कार्यविधिको अध्ययन विश्लेषण प्रतिबेदन र परिमार्जन र संशोधन गरिएका दस्ताबेज र निर्णय माइन्यूट।<br><br>३.संघ संस्थामा लैससास रणनीति भएको र सबै वडालाई सुरक्षित र मर्यादित बनेका रेकर्ड र प्रतिबेदन<br><br>४. लैससास परीक्षण निर्णयहरु, प्रतिबेदन,<br><br>५. आचारसंहिता प्रतिलिपि र | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | बाल हिंसा लगायत सबै प्रकारका बिभेद बिरुद्ध सुन्य सहनशिलता अलम्वन गर्न आचारसंहिता बनाई लागु गर्ने ।<br><br>६.अपाङ्गता भएकाव्यक्तिहरूको अवस्थालाई मानबअधिकार को रुपमामान्यता दिई उनीहरूका लागि बनेका सबै नीतिहरूमा लैंससासको आयामलाई प्रणालीगत रुपमा समाबेश गर्ने ।<br><br>७. लैससास मैत्रि र सबैको अर्थपूर्ण सहभागिता सुनिश्चित गरि उनीहरूको चाहनातथा आवश्यकता अनुसार योजना तर्जुमा गरि कार्यान्वयन गर्ने।<br><br>८. लैससास सम्बन्धी मापन र परीक्षण लगायतका संयन्त्रंलाई कार्यान्वयन गरी संस्थागत गर्ने ।<br><br>९.बैदेशिक रोजगारीमा गएका, यौनजन्य हिंसा वा जोखिममा पेरका महिला श्रमिकको पुनस्थापना र संरक्षण तथा पुनस्थापना सम्बन्धी कार्यक्रम कार्यविधि निमार्ण गरी संचालन गर्ने । | | | हिंसा पिडित महिला, किशोरीको लागि मापदण्ड तयार गरी अल्पकालिन संरक्षणको व्यवस्था सुनिश्चित गरेका प्रमाणित निर्णयहरु आदि।<br><br>६. योजना प्राथमिकता निर्धारणका निर्णयहरू, सभामा पेश गरेको रेकर्ड, सभाको वैठक, उपस्थिति र निर्णय पुस्तिकाआदि ।<br><br>७. लैङ्गिक उत्तरदायी बजेट प्रणाली मार्फत योजनातथा बजेट तर्जुमा गरी प्रयाप्त बजेटको बिनियोजन गरि प्रभाबकारी कार्यान्वयन गरेका प्रतिवेदनहरू ।<br><br>८.मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वयन गरी संस्थागत गरेका रेकर्ड, दस्तावेजहरू तथा सुनुवाईको उपस्थिती पुस्तिका आदि ।<br><br>९. श्रमिकको पुनस्थापना र | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | १०.लैंगिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त गाउँपालिका घोषणा गर्न स्थानीयतहको कार्ययोजना बनाई लागु गर्ने, गराउने । | | | संरक्षण तथा पुनस्थापना सम्बन्धी योजना र कार्यक्रमकार्य बिधि र संचालन गरेको प्रतिबेदन र रेकर्ड ।<br><br>१०.लैंगिक हिंसा मुक्त वडा हुदै हिंसा मुक्त गाउँपालिका घोषणा गरिएका निर्णयहरु । | |
| २. | आर्थिक, सामाजिक र राजनीतिक समावेशिकरण तथा सहजिकरण: | १. आर्थिक, सामाजिक,राजनीतिक, सास्कृतिक विश्लेषण गर्ने र विपद्व्यवस्थापन प्रणालि लैससास मैत्रि बनाउने ।<br><br>२. नेपालको संविधान लगायत राष्ट्रिय र अन्तराष्ट्रिय कानुनद्धारा प्रदान गरिएको लैंगिक समानता र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न समुदाय तहमा क्षमता विकास र सचेतिकरणका अभियान संचालन गर्ने ।<br><br>३.सबै वडाको लैससास सम्बन्धि खण्डीकृत तथ्याङ्क संकलन गरि अध्यावधिक गर्ने र सबै वडाको पाश्र्व चित्रबनाउने । | केन्द्र र प्रदेश सरकार, वडा कार्यालयहरू, संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र आदि। | १-५ बर्ष | १.जोखिम र जोखिम-उन्मुख तथा सीमान्तकृत परिवार र समुहहरूका जोखिमबाट बचाउन गरिएका प्रावधानहरुको अभिलेख।<br><br>२.क्षमता विकास र सचेतिकरणका बजेट, योजना र कार्यन्वयन गरिएका प्रतिबेदनहरु।<br><br>३. वास्तविक तथ्याङ्क सबै वडाको पाश्र्व चित्रको प्रतिलिपि आदि ।<br><br>४. गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था भएको र प्रभावकारी | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ४.गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था सुनिश्चित गर्ने ।<br><br>५. जनचतेना मूलक क्रियाकलाप तथा अभियानहरू सञ्चालन गर्ने ।<br><br>५. आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बिपन्न तथा एकल महिला, बाल-बालिका, युवा, जेष्ठ नागरिक, अपांङ्गता, आदिवासी जनजाति, अल्पसंख्यक तथा अन्यआर्थिक, भौगोलिक, सामाजिक तथा सांस्कृतिक दृष्टिले पिछडिएका समुदायको आर्थिक तथा सामाजिक उत्थानमा लगानी गर्ने ।<br>६. बिपन्न बर्गका लागिखाने पानी,वैकल्पिक उर्जा, सौर्य उर्जा, सुधारिएको चुलो , गोबर ग्यास, खाद्य प्रशोधन आदि सञ्चालन गर्ने ।<br><br>७. कृषिमा आधारित सीपमूलक तालिम तथा सीप विकास गर्ने विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।<br><br>८. सहकारी र फाइनान्स कम्पनी जस्ता संस्थाबाट सामाजिक उतरदायि बजेट सचालन गर्ने, सर्वसूलभ व्याजदर मा | | | रुपमा गुनासो सुनुवाईको रेकर्ड।<br><br>४. जनचतेना मूलक क्रियाकलाप तथा अभियानहरू सञ्चालन प्रतिवेदन ।<br><br>५. आर्थिक तथा सामाजिक उत्थानमा लगानी गरेका योजना र कार्यन्वयन प्रतिवेदनहरू ।<br><br>६. कार्यक्रम योजना, बजेट र कार्यन्वयन प्रतिबेदन।<br><br>७. योजना, कार्यक्रम र सीपमूलक तालिम तथा सीप विकास कार्यक्रक कार्यन्वयन र अनुगमन तथा मूल्याकन प्रतिबेदन ।<br><br>८. सहकारी र फाइनान्स कम्पनी जस्ता सामाजिक उतरदायि बजेट सचालन भएको प्रतिबेदन र बिपन्न तथा एकल महिला, दलित तथा विपन्नवर्गका व्यक्तिहरूलाई सर्वसूलभ व्याजदर मा सहुलियत ऋण दिई स्वरोजगारको | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सहुलियत ऋण दिन स्वरोजगारको वातावरण श्रृजना गर्ने ।<br><br>९. वडाका सबै उपभोक्ता समितिहरू तथा संरचनाहरूमामहिला (कम्तिमा ३३%),<br>दलित तथा अन्य सीमान्तकृत समुहहरूको निर्णायक पद क्रमश अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक पदमा सहभागिता सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने । | | | वातावरण श्रृजना गरेका रेकर्ड।<br><br>९.कुनै एक पदमा सहभागिता सुनिश्चित गरिएको न्यूनतम एक महिला रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरिएका निर्णयहरु। | |
| ३. | संस्थागत संरचना, सचेतिकरण तथाक्षमताबिकास : | १.गाउँपालिकाको लैससास इकाई/शाखा स्थापना गर्ने ।<br><br>२.गाउँपालिका र सबै वडा कार्यलयहरूमा महिलाको विशेष अवस्थालाई सम्वोधनं गर्दै स्तनपान कक्ष,शिशु स्याहार कक्ष आदिको ब्यवस्था गर्ने ।<br><br>३. लैससास इकाई/शाखामा काम गर्नका लागि लैससास सम्पर्क व्यक्ति नियुक्त गर्ने ।<br><br>४.महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई ब्यबस्थीत बनाई | केन्द्र र प्रदेश सरकार, वडा कार्यालयहरू, संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्रआदि । | १-५ बर्ष | १.लैससास इकाई /शाखा स्थापना भएको ।<br><br>२.महिलाको विशेष अवस्थालाई सम्वोधन गर्दै स्तनपान कक्ष, शिशु स्याहार कक्ष निमार्ण ।<br><br>३.लैससास सम्पर्क व्यक्ति नियूक्त प्रत्रको प्रतिलिपि ।<br><br>४.महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखालाई ब्यबस्थीत कार्यविधि प्रतिलिपि।<br><br>५. न्यायोचीत बितरण प्रणाली | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | परिचालन गर्ने ।<br><br>५.लैससास पहुँच सुनिशिचितताका लागि न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।<br><br>६.पूर्वाधार तथा सामाजिक संरचनालाई लैससासमैत्रि बनाउने । | | | अवलम्वन गर्ने कार्यविधिप्रतिलिपि र प्रतिबेदनहरु ।<br>६.सबै पूर्वाधार तथा सामाजिक संरचनालाई लैससास मैत्रि बनेका । | |
| ४. | **समन्वय, सहकार्य र सहजिकरण:** | १.स्थानीय स्रोत तथा कृषि र पशुपालन सम्बन्धी योजना तर्जुमा र बजेट बिनियोजन गरी रोजगारीका अवसर सृजना गर्ने ।<br><br>२. गाउँपालिका क्षेत्रभित्र कृषि र पशुपालन सम्बन्धी प्राबिधिक सिप तथा क्षमता बिकास तालीम प्रदान गरी प्राबिधिक जनशक्ति तयार गर्ने ।<br><br>३.परम्परागत पेशाको परिमार्जन र सुधार गर्ने ।<br><br>४.सशक्तिकरण कार्यक्रम सम्बन्धी वार्षिक कार्यक्रम तथा बजेट सुनिश्चित गर्ने । | केन्द्र र प्रदेश सरकार, वडा कार्यालयहरू, संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्रआदि । | १-५ बर्ष | १. योजना तर्जुमा र बजेट बिनियोजन गरी रोजगारीका अवसर सृजना गरिएका प्रतिबेदनहरु ।<br><br>२. प्राबिधिक जनशक्ति नामावलि र लाभावन्तिक समुहहरुको लिस्ट ।<br><br>३.आदिवासी जनजातितथादलित बर्गको जीविकोपार्जनमा सुधार ल्याउन स्थानीय श्रोत र सेवामा आधारित परम्परागत पेशाको परिमार्जन र सुधार गरिएका निर्णयहरु।<br><br>४. वार्षिक कार्यक्रमतथा बजेट सुनिश्चित गरिएका निर्णयहरु । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ६.प्राकृतिक स्रोत, उर्वर जमिनको आधारमा कृषि तथा पशुपालन र बनस्पतिमा आधारीत साना उद्योग स्थापना र संचालन गर्न लक्षीत व्यक्ति समुदायलाई आर्थिक तथा प्राबिधिक सहयोग गर्ने । | | | ६ आर्थिक तथाप्राबिधिक सहयोग गरिएका निर्णयहरु र प्रतिवेदन। | |
| ५. | **अनुगमनतथामूल्यांकन:** | १.लैससास विकासका असर अनुगमनको लागि प्रभावकारी कार्यविधि तथा पद्धति निमार्ण गर्ने।<br><br>२.लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरु बीच कार्यगत अनुगमन संयन्त्र (संजाल) बनाउने ।<br><br>३. लैङ्गिकतथा समावेशी विकासको लागि हरेक अनुगमनका चेकलिस्टमा समावेश गर्ने | केन्द्र र प्रदेश सरकार, वडा कार्यालयहरू, संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्रआदि । | १-५ बर्ष | १.कार्यविधि तथा पद्धति प्रतिलिपि र योजना तयार गर्दा समावेश प्रतिवेदन आदि।<br><br>२.लैङ्गिक तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरु बीच कार्यगत अनुगमन संयन्त्र (संजाल) नामावली, कार्यविधि आदि ।<br><br>३.सबै कार्यक्रम तथा योजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गरि यसलाई संस्थागत गरेका प्रतिवेदनहरू । | |

### ३.९. लैससास मुलप्रवाहिकरण रणनीतिको कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था :

लैससास रणनीतिको प्रभावकारी कार्यान्वयन हुन सकेमा मात्र गाउँपालिकाको शासन पद्धती, सेवाप्रवाह र कार्यप्रणालीलाई लैंगिक समानता तथा सामाजिक समावेशीमैत्री बनाउन सकिन्छ। गाउँपालिकाका जनप्रतिनिधी र कार्यरत सबै कर्मचारीलाई लैससास रणनीतिको महत्व र कार्यान्वयन प्रक्रिया सम्बन्धी अभिमूखिकरण मार्फत प्रभावकारी कार्यान्वयन गर्न निर्देशन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र क्रियाशिल सबै निकायहरुहरुको लैससासको क्षेत्रमा गर्नुपर्ने कार्यभूमिका निर्धारण गरी प्रभावकारी कार्यान्वयनका लागि सबै सरोकारवाला बिच नियमित समन्वय तथा साझेदारी गरिनेछ । गाउँपालिकामा क्रियाशिल सबै संयन्त्र लगायत स्थानीय समुदाय, गैरसरकारी संघसंस्था, विकास साझेदार निकाय र निजीक्षेत्र समेतलाई लैससास रणनीति सम्बन्धमा जानकारी गराई प्रभावकारी कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ । त्यसैगरी लैससास रणनीतिको प्रभाबकारी कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण तथा परिचालन र परिचालीत मानव स्रोतको क्षमता विकास गरिनेछ ।

**३.९.१. लैससास रणनीति कार्यान्वयनका लागि संस्थागत संयन्त्र निर्माण र परिचालन :**

लैससास रणनीतिले निर्दिष्ट गरे बमोजिम गाउँपालिका भित्रका भौतिक संरचना लगायत संस्थागत संयन्त्रको सुधार गरी लैससासमैत्री बनाइनेछ । सामुदायिक विकास कार्यक्रममा समानुपातिक सहभागिता र समावेशीकरण प्रक्रियालाई प्रभावकारी बनाइनेछ । लैससास रणनीति कार्यान्वयन गर्न विशेषत: निम्नानुसारका संस्थागत संयन्त्र स्थापना र व्यवस्थापन गरी परिचालन गरिनेछ ।

क) लैंगिक समानता तथा सामाजिक समावेशीकरण शाखा वा इकाईको स्थापना गरी परिचालन गरिनेछ।

ख) गाउँपालिका स्तरीय अनुगमन तथा निर्देशन समिति गठन गरी परिचालन गर्ने ।

**३.९.२. गाउँपालिकाको भूमिका :**

ग) लैंससास सम्पर्क व्यक्ति (GESI Focal Person) नियुक्त गरी कार्यविवरण तोकी परिचालन गर्ने ।

घ) महिला कर्मचारीहरु र महिला सेवाग्राहीलाई सहजताका लागि लैंगिकमैत्री शौचालय र स्तनपान कक्षको व्यवस्था गर्ने ।

ङ) कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र सबै प्रकारका बिभेद निवारणका लागि गुनासो सुनुवाई संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

च) न्यायिक समितिलाई थप क्रियाशिल बनाई लैंससासमैत्री न्याय सम्पादन प्रणालीको विकास गर्ने ।

छ) स्थानीय समुदायको समानुपातिक सहभागितामा टोल समिति गठन गरी योजना तर्जुमा प्रक्रिया र सामुदायिक विकास कार्यमा क्रियाशिल बनाउने ।

ज) सूचना शाखाको प्रभावकारी ब्यबस्थापन गरी खडिकृत बिद्युतिय सुचना प्रणालीलाई ब्यबस्थीत र क्रियाशिल बनाउने ।

- गाउँपालिकाको समग्र विकास प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी मूलप्रवाहीकरण सुनिश्चिततताका लागि नीति, रणनीति तथा कानुनको समिक्षा वा पुनरावलोकन गरी परिमार्जन गर्ने ।
- लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय कानुनको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई लागु गर्ने ।
- लैंससास उत्तरदायी योजना तर्जुमा तथा बजेट बिनियोजन प्रणालीलाई अनिवार्य तथा संस्थागत गर्ने ।
- लैससास परिक्षण तथा अनुगमन प्रणालीलाई व्यवस्थित र नियमित गर्ने ।
- वडा तथा टोलबस्तीबाट योजना तर्जुमा प्रक्रियामा लैंगिक तथा सामाजिक समावेशी सहभागिता सुनिश्चित गर्ने ।
- गाउँपालिका क्षेत्रमा परिचालीत सबै निकायबाट उपलब्ध गराइने सेवा सुविधा र लाभ वितरणमा लैंगिक तथा सामाजिक समावेशी पहुँच बृद्धिका लागि स्पष्ट निर्देशन दिने ।
- लैंगिक समानता तथा सामाजिक समावेशी शाखा वा इकाई स्थापना गरी लैंगिक अवधारणा सम्बन्धी क्षमता विकासका कार्यक्रम तय गरी संचालन गर्न जिम्मेवारी तोक्ने ।
- लैंससास सम्पर्क व्यक्ति नियुक्त गरी निजको कार्य भूमिका तोक्ने ।
- गाउँपालिका लगायत सबै सार्बजनिक निकायमा लैंगिकमैत्री, बालमैत्री, अपांगमैत्री र जेष्ठ नागरीकमैत्री संरचना निर्माण र सेवा प्रबाहका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने ।
- हिंसा पिडित तथा बिभिन्न जोखिममा परेका महिला, किशोरी र बालिकाको तत्कालीन सुरक्षाका लागि अल्पकालिन सेवा केन्द्र, बिशेष संरक्षणको आवश्यकता भएका जेष्ठ नागरीकहरुको लागि दिवा सेवा केन्द्र र जोखिममा रहेका र बिशेष स्याहारको आवश्यकता भएका बालबालिकाको लागि बैकल्पीक हेरचाहको ब्यबस्था सुनिश्चित गर्ने ।

- स्थानीय महिला, एकल महिला, बालबालिका, जेष्ठ नागरीक, दलित, जनजाति, अपांगता भएका व्यक्ति लगायत पछाडि पारिएका व्यक्ति, समुदायको सञ्जाल गठन गरी सेवा प्रबाह र लाभमा पहुँच बृद्धिका लागि परिचालन गर्ने ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिगत र कानुनी उपयोगिता र प्रभाकारिता मूल्यांङ्कन गर्ने ।
- स्थानीय आबश्यकता अनुसार नीतिगत मापदण्ड बनाई लागु गर्ने, गराउने ।

**३.९.३. वडा कार्यालय भूमिका**

- गाउँपालिकाबाट जारी गरिएका नीति, रणनीति तथा कानुन र निर्देशनको प्रभावकारी कार्यान्वयन गर्ने ।
- टोलबस्ती हुदै वडामा लैससास उत्तरदायी योजना तथा बजेट निर्माण प्रति संवेदनशिलता अपनाउने ।
- समुदाय तथा वस्ती तहको योजना तर्जुमा प्रक्रियामा महिला, दलित, जनजाती, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, अपांग, जेष्ठ नागरीक लगायत विपन्न र बञ्चित बर्ग तथा समुदायको सहभागिता सुनिश्चित गर्ने ।
- सार्वजनिक स्रोत तथा सेवाप्रबाह र लाभमा लैंगिक तथा समावेशी पहुँच सुनिश्चित हुने गरी न्यायोचीत बितरण प्रणाली अवलम्वन गर्ने ।
- योजना तथा कार्यक्रम कार्यान्वयन प्रणाली समावेशी र सहभागितामूलक बनाउन समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने ।
- वडा तथा समुदाय तहमा खण्डिकृत तथ्याङ्क संकलन र बिश्लेषण गरी गाउँपालिकाको सुचना शाखामा अद्यावधिक गर्न सहयोग गर्ने ।

**३.९.४.लैंगिक सम्पर्क व्यक्ति**

- महिला, बालबालिका तथा जेष्ठ नागरीक शाखाकाको मातहतमा रही तोकिए बमोजिम कार्य गर्ने,
- गाउँपालिकाबाट सञ्चालित कार्यक्रममा सरोकारवाला समुदाय तथा लक्षीत समुहका गुनासो सुन्ने र सम्बोधनका लागि सम्बन्धित शाखा र गाउँकार्यपालिका समक्ष जानकारी गराउने ।
- गाउँपालिकाकामा लैससास उत्तरदायी बजेट बिनियोजन र योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न विषयगत शाखा, वडा तथा टोलबस्तीसंग समन्वय एबं सहजीकरण गर्ने ।

- कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार र सबै प्रकारका बिभेदहरु बिरुद्ध सुन्य सहनशिलता बृद्धि गर्न गाउँपालिका क्षेत्र भित्रका सबै निकाय वीच समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- लैससास सम्बन्धी आएका गुनासो वाउजुरीहरु दर्ता गरी सम्बोधनका लागि लैससास शाखामा जानकारी गराउने ।
- समुदायमा बिद्यमान लैंगिक तथा घरेलु हिंसा, सामाजिक असमानता, हानीकारक मुल्यमान्यता र गलत सामाजिक अभ्यास बिरुद्ध अभियान संचालन गर्न सरोकारवाला निकाय समक्ष समन्वय गर्ने ।
- लैंगिक हिंसा तथा घरेलु हिंसा बिरुद्ध वकालत तथा प्रतिकार क्षमता अभिबृद्धि गरी सुन्य सहनशिलता कायम गर्न आवश्यक कार्यक्रम तथा बजेट बिनियोजन गर्न टोलबस्ती तथा बडाहरु र गाउँपालिकामा सहजीकरण गर्ने ।
- गाउँपालिकमा कार्यरत सबै कर्मचारी र जनप्रतिनिधीलाई लैंससासमैत्री कार्य व्यवहार र संवेदनशिलता अभिबृद्धि गर्न लैससास अवधारण स्पष्ट पार्न तालिम तथा अभिमूखिकरण सम्बन्धी कार्यक्रम माग गर्ने ।

सुचना शाखासंग निकटतम् सम्बन्ध एवं समन्वय बिस्तर गरी गाउँपालिकाको खण्डिकृत तथ्यांक संकलन, विश्लेषण र अद्यावधिक गर्न सहयोग गर्ने ।

गाउँपालिकामा कार्यरत महिला कर्मचारी तथा सेवाग्राहीका लागि स्तनपान कक्ष, लैंगिक मैत्रीशौंचालय निर्माण, अपांगमैत्री भौतीक पूर्वाधार, बालमैत्री संरचना निर्माणका लागि नियमित वकालत तथा पहल गर्ने ।

गाउँपालिका अन्तर्गतका सबै कार्यस्थलमा सामान्यतः बोलीचालीको शब्द चयन वा भाषा प्रयोग गर्दा लैंससासमैत्री शब्दहरुको प्रयोग र व्यवहार अवलम्वन गर्न सबै जनप्रतिनिधी तथा कर्मचारीहरुलाई अभिप्रेरित गर्ने ।

**अन्य विषयगत शाखा**

गाउँपालिकाको समग्र विकास प्रक्रिया र लाभ प्राप्तीमा लैंगिक तथा समाबेशी पहुँच बृद्धि गर्न लैससास शाखा र सम्पर्क व्यक्तिसंग समन्वय कायम गर्ने ।

विषय गत शाखाबाट गरिने योजना तर्जुमा, विकासका कार्य लगायत हरेक सेवाप्रवाहका विषयमा लक्षित बर्ग समुदायको सहभागिता र लाभ सुनिश्चितताका विषयमा संवेदनशिलता अपनाउने ।

### ३.९.५. स्वास्थ्यशाखा

- लैंगिक हिंसा पिडित तथा प्रभावितहरुको स्वास्थ्य सेवाप्रवाह कार्यमा लैंगिक संवेदनशिलता अपनाउन सहजीकरण गर्ने ।
- स्थानीयतहका सबै स्वास्थ्य कार्यालयलाई लैससासमैत्री सेवाप्रवाहका लागि आवश्यक निर्देशन गर्ने ।
- लैंससासमैत्री सेवाप्रबाहका लागि आबश्यक संरचना तथा उपकरण ब्यबस्थापन सम्बन्धी योजना बनाई गाउँपालिका समक्ष माग गर्ने ।
- सुरक्षीत प्रजनन् सेवाप्रबाहका लागि आबश्यक संरचना लगायत सामाग्री ब्यबस्थापनका लागि योजना बनाई माग गर्ने ।
- महिला, बालबालिका, विभिन्न खाले हिंसा पिडित, विपन्न लगायत वञ्चितीमा परेका व्यक्ति तथा समुदायलाई लैससास संवेदनशील एकीकृत स्वास्थ्य सेवा उपलब्ध भए नभएको अनुगमन गरी प्रभावकारी बनाउन आवश्यक निर्देशन गर्ने ।

### ३.९.६. शिक्षाशाखा

- अति बिपन्न तथा बिभिन्न जोखिमबाट पिडित वा प्रभावित र असाह्य बालबालिकाहरुको शिक्षामा सहज पहुँचका लागि आबश्यक शैक्षिक सामाग्री सहित बिद्यालय पोशाक र दिवा खाजाको ब्यबस्थापन गरी नियमित बिद्यालय आउने वातावरण सृजना गर्ने ।
- विद्यालयमा बालमैत्री वातावरणको सृजना गरी सबै बालबालिकाहरुलाई नियमित विद्यालय आउन आकर्षित गर्ने ।
- बालमैत्री शिक्षण सिकाई अवलम्वन गरी बालबालिकाले विभेद र शोषण रहित वातावरणमा पठन पाठन गर्न पाउने वातावरण सृजना गर्ने ।
- बिचमा बिद्यालय छोड्नो प्रबृति हटाउनका लागि अति गरिव, असाह्य, संरक्षक बिहिन बालबालिकालाई आबश्यक शैक्षिक सहयोग उपलब्ध गराउने ।
- बाल बिवाह न्यूनिकरणका लागि सहकृयाकलाप गर्न सबै बिद्यालयमा सहजीकरण गर्ने ।
- विद्यालयका हरेक निर्णयमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने ।

विद्यालयमा बालक र बालिकाको लागि लैंगिकमैत्री सौचालय र बालमैत्री खानेपानी धारा तथा सौचालयको व्यवस्थापनका लागि योजना बनाई गाउँपालिका समक्ष माग गर्ने ।

३.९.७.स्थानीयप्रहरी कार्यालय

- घरेलु हिंसा वा लैंगिक हिंसा बिरुद्ध अभियानहरुमा सरोकारवाला निकायसंग समन्वय र सहकार्य गर्ने ।
- प्रहरीमा उजुरी आएका घरेलु हिंसा तथा महिला वा बालिका बिरुद्ध हिंसा वा दुरब्यबहारको अनुसन्धान कार्य छीटो छरीतो र चुस्त दुरुस्त गर्ने ।
- बालबिबाह, लागु औषध दुर्ब्यसनी बिरुद्ध सचेतनामूलक अभियानमा सहभागि हुने ।
- अनुसन्धान प्रक्रियामा लैंगिकमैत्री ब्यबहार तथा बालमैत्री ब्यबहार अवलम्बन गर्ने । अनुसन्धान प्रक्रियामा महिला, किशोरी र बालबालिकाको गोपनियतामा ध्यान दिने ।

३.९.८.विकासका साझेदारहरु

- लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यविधिहरुको निर्माण तथा पुनरावलोकन गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक प्राविधिक सहयोग गर्ने ।
- महिला, दलित, अपांग जेष्ठ नागरीक, विपन्न लगायत पछाडी पारिएका बर्ग समुदायको विकास प्रक्रियामा मूलप्रवाहीकरणका लागि गाउँपालिकासंग समन्वय गरी साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने ।
- विकासका साझेदारबाट संचालन गरिने विकास सम्बन्धी कार्यक्रममा लैंगिक समानता र सामाजिक समावेशीकरणका सवाल सम्बोधन हुने गरी क्रियाकलाप तय गरी कार्यान्वयन गर्ने ।
- लैंगिक हिंसा, घरेलु हिंसा, सबै प्रकारका बिभेद वा सामाजिक असमानता बिरुद्ध प्रतिकार र वकालत क्षमता अभिबृद्धि गर्न आवश्यकता तालिम तथा अभिमूखिकरण कार्यमा सहयोग गर्ने ।

३.९.९.गैरसरकारी संस्थाहरु

- गाउँपालिका बाट निर्माण गरी जारी गरिएका लैससासमैत्री नीति तथा कानुनको प्रभवकारी कार्यान्वयनका लागि साझेदारी गर्ने ।
- महिला, दलित, जनजाती, अति बिपन्न तथा वञ्चित समूहका लागि आर्थिक सामाजिक सशक्तीकरण तथा सामाजिक परिचालन सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन एवम् अनुगमन प्रक्रियामा लैंससास उत्तरदायी बनाउन सहजीकरण तथा प्राविधिक सहयोग गर्ने ।
- लैङ्गिक हिंसा, घ्रेलु हिंसा र बिभिन्न महामारी वा विपद्बाट पिडित तथा प्रभावितलाई राहात, उद्धार लगायत सामाजिक सुरक्षा तथा तत्काल संरक्षण प्रदान गर्न सहयोग गर्ने ।
- गाउँपालिकाले निर्दिष्ट गरे बमोजिम लैंगिक समानता तथा सामाजिक समावेशीकरणका सवाल सम्बोधनका लागि नियमित वकालत तथा आवश्यकता अनुसार समन्वय एवं साझेदारीमा कार्य गर्ने ।

लैंगिक हिंसा, घरेलु हिंसा, सामाजिक बिभेद र हानीकारक गलत सामाजिक मुल्य मान्यता र कुरीति विरुद्ध सकारात्मक परिवर्तन र सोंचको विकास गर्न सामाजिक जागरण अभियान तथा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

**३.९.१०. गाउँपालिका क्षेत्रभित्र गठित विभिन्न लक्षित समुदायको संजालहरु**

- लैंगिक बिभेद, सामाजिक असमानता, तथा हानीकारक र विभेदकारी सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध नियमित वकालत गर्ने साथै अभियान रुपि कार्यक्रम माग गर्ने ।
- लक्षीत बर्ग समुदायको खण्डिकृत तथ्यांक सहित उनीहरुका सवाल तथा समस्यारु पहिँचान गरी सम्बोधनका लागि वडा तथा गाउँपालिकालाई जानकारी गराई आवश्यकता अनुसार योजना तथा कार्यक्रम र बजेट माग गर्ने ।
- स्थानीय स्रोत तथा प्रतिफलको समानुपातिक पहुँच, न्यायिक वितरण र समावेशी सहभागिताको पक्षमा आवाज उठाउने ।
- समुदाय तहमा योजना तर्जुमाका क्रममा सक्रिय सहभागिता जनाई आर्थिक सामाजिक सशक्तिकरण र नेतृत्व तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु माग गर्ने ।
- लैगिक हिंसा पिडित महिला तथा बालिका, असाह्य एवं अपहेलीत जेष्ठनागरिकको संरक्षणका लागि बैकल्पीक हेरचाहको ब्यबस्था गर्न माग गर्ने ।
- सम्वन्धित वडा कार्यालय र लैससास शाखासंग नियमित समन्वय तथा सम्पर्कमा रही लैगिकमैत्री, बालमैत्री तथा अपांगमैत्री संरचना निर्माणका लागि वकालत गर्ने ।

**३.९.११. निजी क्षेत्र (उद्योग बाणिज्य संघ, होटल ब्यबसायि संघ, यातायात ब्यबसायी संघ, सहकारी, बैंक आदि)**

- निजी क्षेत्रबाट उपलब्ध गराउने बस्तु तथा सेवामा सबै समुदाय तथा बर्गको पहुँच सुनिश्चित गर्न दुर्गम बस्तीमा समेत सेवा बिस्तार गरी प्रभावकारी बनाउने ।
- महिला, बिपन्न तथा वञ्चित समूहको आर्थिक सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग उपलब्ध गराउने ।
- वडा तथा बस्तीस्तरमा विभिन्न उद्यमीबाट उत्पादित बस्तुको बजारीकरणका लागि वडा तथा गाउँपालिकासंग समन्वय र सहयोग गर्ने ।
- महिला, दलित लगायत पछाडी परेका समुदायलाई व्यवसाय तर्फ उन्मुख गराउन सहज कर्जामा पहुँच बढाई प्रोत्साहान गर्ने ।
- गाउँपालिकासंग समन्वय गरी लक्षीत बर्ग उत्थान सम्बन्धीकार्यहरु संचालन गर्ने ।

### ३.९.१२.समुदाय

- गाउँपालिकाको योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा नजिकको साझेदारको रूपमा क्रियाशिल रहने ।
- आफ्नो बस्ती तथा वडा तहका परिवारको खण्डीकृत सूचना तथा तथ्यांकहरू साथै विकास कार्यबाट भएको प्रगतिको अभिलेख राख्ने र आबश्यकता अनुसार सम्बन्धित वडा र गाउँपालिकामा सम्बोधनका लागि माग पेश गर्ने ।
- सामुदायिक विकाससंग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जसको सवाल उसको नेतृत्व रहने गरी महिला, बालबालिका, अपांग, जेष्ठनागरीक लगायत बिपन्न र पछाडी पारिएको बर्ग समुदायको सक्रिय सहभागिता सुनिश्चितता गर्न वकालत तथा नियमित समन्वय र साझेदारी गर्ने ।
- सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापको नियमित निगरानी गरी लैंससासमैत्री, बालमैत्री, अपांगमैत्री तथा समावेशी बनाउन सम्बन्धित शाखा तथा निकाय समक्ष वकालत तथा माग गर्ने ।
- महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने खालका हानीकारक सामाजिक प्रचलन र गलत सामाजिक अभ्यास विरुद्ध आवाज उठाउने । स्थानीय तहमा सञ्चालित अभियानरुपी कार्यक्रमहरुमा सक्रिय संलग्नता जनाउने ।
  स्थानीय विकास निर्माणका कार्यहरुमा जनसहगिता अभिबृद्धि गर्न वडा तथा गाउँपालिकामा वकालत गर्ने ।

### ३.९.१३. सरोकारवाला बिच समन्वयएवं साझेदारी :

गाउँपालिकाबाट जारी गरिएको लैससास रणनीतिमा तोकीए बमोजिमको कार्यभूमिका वा जिम्मेवारी कार्यान्वयनका लागि सबै निकायहरु वीचको समन्वय र साझेदारी अपरिहार्य ठानीएको छ । गाउँपालिकामा महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल सबै निकायको योजना तथा कार्यक्रम र बजेट लैंगिक उत्तरदायी बनाउन र योजना निर्माण प्रक्रियामा समावेशी सहभागिता सुनिश्चित गर्न सबै सरोकारवालाहरु वीच समन्वय र सहकार्य हुनु जरुरी छ । गाउँपालिकाबाट लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा गाउँपालिका क्षेत्रभित्र कार्यरत सम्बन्धीत सरकारी निकाय, गैरसरकारी निकाय, विकास साझेदार, निजि क्षेत्र, महिला समूहतथा समुदाय र आम नागरिक वीच निरन्तर समन्वय र साझेदारी गरिनेछ ।

## ३.१०. लैससास रणनीति कार्यान्वयनका लागि स्रोत परिचालन :

सामान्यतया थोरै बार्षिक बजेट आउने यस गाउँपालिकामा भौतिक संम्रचना निमार्ण, मोटरबाटोका स्तर उन्नती, खानेपानी बिजुली आदीका समस्याहरु धेरै भएकाले सिमित बजेटबाट लैससास लक्षित बर्गलाई आवश्यक पर्ने बजेट बिनियोजन गर्न नसकिएको यर्थाथ अवस्थालाई हेर्दा संघिय र प्रदेश सरकारबाट नै बजेटको आकार बढाउने पर्ने अवस्था देखिन्छ । आधुनिक प्रबिधिको विकास संगै पालिकाले दिने सेवाहरुलाई प्रबिधिमैत्री बनाउदै लैजानु पर्ने आवश्यक्ता छ लैससास लक्षित बर्गहरु सबै भन्दा धेरै कृषि पेशामा आवद्ध भएकाले कृषिलाई प्रबिधिसँग जोड्न, जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भक्त उपलब्ध गराउन, नागकिहरुलाई स्थानीय सरकारका सूचनाहरु सहज पुऱ्याउन, अशक्तहरुलाई प्रबिधिका माध्यमबाट सहजता दिलाउन आवश्यक छ ।

लैससासको सवाल आफैमा बिस्तृत भएकाले यसका बिभिन्न आयामहरुलाई अगाडी बढाउन लक्षित बर्ग तथा समुदायका नागरिकहरुलाई शसक्तिकरण गर्नु पर्ने अवस्था छ । यसका लागि यस गाउँपालिकमा यसका बिज्ञ वा स्रोत व्यक्तिहरुको अभाव रहेको छ ।

## ३.११.लैससास रणनीति कार्यान्वयनको अनुगमन प्रणाली :

बगनासकाली गाउँपालिकाको अनुगमन संयन्त्रलाई क्रियाशिलबनाई लैंगिक तथा सामाजिक समावेशीकरण उद्देश्यहरुले निर्दिष्ट गरेका रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी वार्षिक प्रतिबेदनमा समाबेश गरिनेछ । लैंगिक उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनका बिषयमा समेत वार्षिक लेखाजोखा गरिनेछ । गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम र सकारात्मक प्रयासहरू कार्यान्वयन भए नभएको नियमित अनुगमन गरी बार्षिक समिक्षा गरिनेछ । बार्षिक प्रगतीका विषयमा समिक्षा गरी सुझावका आधारमा आगामी कार्यदिशा तय गरिने छ ।

गाउँपालिकाले लैससास रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन तथा निर्देशन गर्न देहाय बमोजिमका व्यक्ति वा निकायको प्रतिनिधित्व रहने लैससास नीति अनुगमन तथा निर्देशन समिति गठन गरी राष्ट्रिय नीतिमा आधारित रही कार्यविवरण तोकीएको छ ।

### ३.११.१. लैससास अनुगमनतथानिर्देशन समितिमातपशिलकाव्यक्तिवा संस्थाको प्रतिनिधित्व रहनेछ ।

| | | |
|---|---|---|
| क) | गाउँपालिकाका अध्यक्ष | संयोजक |

| | | |
|---|---|---|
| ख) | गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| ग) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ) | गाउँपालिका स्तरीय लक्षित समुदायहरुको सञ्जाल मध्येबाट गाउँपालिकाले तोकेको कम्तीमा एक महिला अनिवार्य सहित ३ जना प्रतिनिधी | सदस्य |
| च) | सामाजिक विकास शाखाप्रमुख | सदस्य सचिव |

**३.११.२.लैससास अनुगमन तथा निर्देशन समितिको काम कर्तव्य र अधिकार**

क) अनुगमन तथा निर्देशन समितिको बैठक वार्षिक रुपमाकम्तीमा २ पटक बस्नेछ।

ख) सरोकारवालाको सहभागितामा बार्षिक रुपमाप्रगति समिक्षा गर्ने र आवश्यक सुझावहरु कार्यान्वयनका लागि गाउँकार्यपालिकामा पेश गर्ने ।

ग) स्थानीय नीति, रणनीति, कानुन तथा योजनाहरुको नियमित अनुगमन तथा पुनरावलोकन गरी लैंगिकमैत्री बनाउन आवश्यक समन्वय तथा निर्देशन गर्ने ।

घ) लैंगिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति समुदायलाई लक्षित गरीएका नीति, योजना तथा कार्यक्रमको नियमित अनुगमन गरी लैंगिक तथा समावेशी सहभागिता अभिबृद्धि गर्न निर्देशन गर्ने ।

ङ) महिला, किशोरी तथा बालिकाहरुको सामाजिक तथा आर्थिक विकासका बाधक वा बिभेदयुक्त संरचनात्मक अवरोधहरु हटाउने खालका कार्यक्रम संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

च) लैंगिक बिभेद, लैंकि हिंसा र विभिन्न खाले शोषण र बिभेद वा दुरव्यवहारहरुको अन्त्य गर्न निरोधात्मक कार्यक्रमहरु संचालन गर्न निर्देशन तथा समन्वय गर्ने ।

छ) लैंससास उत्तरदायी शासन पद्धती अवलम्वन र खण्डिकृत बिद्युतिय सूचना प्रणालीलाई व्यवस्थित गर्न अभिप्रेरीत गर्ने

ज) लैंगिक हिंसा, लैंगिक बिभेद, यौनजन्य दुरव्यवहार, शोषण लगायत विभिन्न जेखिममा रहेका महिला किशोरी र बालिकाहरुको संरक्षणका लागि राहात, पुनस्थापन र अल्पकालिन सेवा केन्द्र संचालन सम्बन्धी योजना तथा कार्यक्रम तय गर्न निर्देशन गर्ने ।

झ) महिला, अपांगता भएकाव्यक्ति, दलित लगायत सामाजिक बञ्चितिकरणमा परेकाव्यक्ति समुदायहरुको आर्थिक शसक्तिकरणका योजना तथा कार्यक्रम तर्जुमा गर्न गाउँपालिकाका सम्बन्धित संयन्त्र तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय तथा निर्देश गर्ने ।

**३.११.३. वडास्तरको लैससास अनुगमन तथा निर्देशन उपसमितिमा तपशिलका व्यक्ति वा संस्थाको प्रतिनिधित्व रहनेछ ।**

| | | |
|---|---|---|
| क) | वडा अध्यक्ष | संयोजक |
| ख) | वडा समितिका सबै सदस्यहरु | सदस्य |
| घ) | वडास्तरीय लक्षित समुदायको सञ्जाल मध्येबाट वडाले तोकेको कम्तीमा एक महिला सहित २ जना प्रतिनिधी | सदस्य |
| घ) | वडा बाल संजालको अध्यक्ष | सदस्य |
| ङ) | वडा सचिव | सदस्य सचिव |

**३.११.४. निर्देशन तथा अनुगमन उपसमितिको काम कर्तब्य र अधिकार**

क) योजना तथा बजेट तर्जुमा चरणमा विपन्न तथा बञ्चित ब्यक्ति समुदायलाई सहभागी गराउन सरोकारवाला तथा नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ख) वडा तहको खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

ग) योजना कार्यान्वयनमा लैंगिक तथा समाबेशी सहभागिता बृद्धि गर्न नियमित अनुगमन गरी आबश्यक निर्देशन गर्ने ।

घ) वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सहभागितात्मक अनुगमन तथा मूल्याङ्कन नगर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनवाई गर्ने, गराउने र लैससास लेखाजोखा गर्ने ।

ङ) वडा भित्रका महिला, बालबालिका लगायत वञ्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवमं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत गर्ने,

च) वडास्तरमा लैससास सम्बन्धी कार्ययोजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने, गराउने ।

छ) लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

झ) यस रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यकव्य वस्था गर्ने,

### ३.११.५. लैससास रणनीतिको पुनरावलोकन :

बगनासकाली गाउँपालिकाद्वारा जारी गरिएको लैससास रणनीति २०७८ लाई आवश्यकता अनुसार समय सापेक्षित विषयहरुमा पुनरावलोकन गरी परिमार्जन वा सुधार गरिनेछ । लैससास रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको पक्षको नियमित अनुगमन तथा मूल्याङ्कनको आधारमा समिक्षा वा पुनरावलोकन गरी आवश्यकता अनुसार आवधिक रुपमा समसामयिक विषयहरुमा परिमार्जन एवं सुधार गरिने छ ।

### ३.१२.सम्भावित जोखिम तथा न्यूनिकरणका उपपायहरु :

लैससास रणनीति बिकास प्रयास, सुशासन, दीगो विकासका लागि बिश्व व्यापीरुपमा अंगिकार गरिएको क्रसकटिंग सवाल हो । यो बिषय विभिन्न बिषयगत क्षेत्रसंग अन्तर सम्बन्धित छ। यो बिषय बहुसरोकारको क्षेत्र भएको हुँदा सबैको सहभागिता र प्रयासमा मात्र यस सम्बन्धमा उत्पन्न समस्याको हल गर्न सकिन्छ र जोखिमहरुलाइ न्युनिरकण गर्न सकिन्छ । अभिमुखिकरणको निस्कर्ष अनुसार याहाँ केही सम्भावित जोखिम र जोखिम न्युनिकरण गर्न सकिने उपायहरु बारे उल्लेख गरिएको छ ।

| | |
|---|---|
| गाउँपालिकाका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाईमा एकरुपता हुन नसक्नु । | सहभागितात्मक अभिमूखिकरण तथा सहजीकरणबाट लैससास अवधारणाबारे समान बुझाई बनाउने ।<br>लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमूखिकरण गर्ने । |
| सामाजिक विकासका कार्यक्रमले भौतीक विकासका कार्यक्रमले जस्तो तत्काल परिणाम देखाउन नसकिने हुदा लैससास विषय स्थानीय सरकारको प्राथमितामा पर्न नसक्नु । | लैससासको महत्व र सरकारद्धारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्धता बारेमा जानकारी गराई लैससास विषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गर्ने ।<br>लैंगिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि नियमित समन्वयलाई प्रभावकारी बनाउने । |
| लैससास रणनीति कार्यान्वियनमा आवश्यक ज्ञान, क्षमता र दक्ष मानब स्रोतको कमी हुन सक्नु । | गाउँपालिकाबाट क्षमता विकासका कार्यक्रममा लगानीको वातावरण मिलाई दक्ष मानव स्रोतको उत्पादन तथा परिचालन गर्ने । |
| लैससास नीतिमा उल्लेखित | गाउँपालिकाको स्रोत परिचालनमा न्यायिक बितरण प्रणालीको |

| | |
|---|---|
| प्राबधानहरु कार्यान्वयन गर्न स्रोत साधनको सीमितता हुन सक्ने । | अवलम्बन गर्ने । वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने । लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थासंग समन्वय र सहकार्य बृद्धि गर्ने । |
| गाउँपालिका लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको अभाव हुन सक्नु । | लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी सुझाव कार्यान्वयन गर्ने गराउने । |
| टोलबस्ती तथा वडास्तरबाट लैससाससँग सम्वन्धित योजना तथा कार्यक्रमहरु छनौटमा पर्न नसक्नु । | लक्षित बर्ग समुदायको अवस्था पहिँचान र विश्लेषणका आधारमा योजना छनौट गर्न सहजीकरण गर्ने । योजना तर्जुमा प्रक्रियामा लक्षित बर्ग समुदायको अर्थपूर्ण सहभागिता बृद्धि गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने । |
| वन्चितीकरणमा परेका वर्ग तथा क्षेत्रको आर्थिक सशक्तिकरण हुननसक्नु । | उद्यमशिलता विकास कार्यक्रमहरु मार्फत लक्षित बर्ग समुदायको रोजगारी र आयआर्जनका कार्यमा संलग्न गराउने । लक्षित व्यक्तिहरुलाई कृषि, पशुपालन लगायतका क्षेत्रमा प्राविधिक सिप तथा तालिमको व्यवस्था गरी उत्पादन भएका प्राविधिक जनशक्तिको आर्थिक शसक्तिकरणका लागि रोजगारीका अववसर सृजना गर्ने |
| खण्डिकृत तथ्याङ्क तथा सूचनाहरुको आधारमा योजना र कार्यक्रमहरु तयार हुननसक्नु । | सबै वडाहरुमा खण्डिकृत तथ्यांक अद्यावधिक गरी सोही आधारमा योजना तर्जुमा प्रक्रिया सम्पन्न गर्न समन्वय तथा सहजीकरण गर्ने । |
| स्थानीय स्रोत तथा लाभ र अवसरहरुमा लैंगिक तथा समावेशी पहुँच कम हुन सक्नु । | योजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा अनुगमन तथा निर्देशन प्रणालीलाई नियमित र प्रभावकारी बनाई सुधारका पक्षहरु औल्याई कार्यान्वयनका लागि सम्वन्धित पक्षलाई सुझाव सहित निर्देशन गर्ने । |
| | |

**समाप्त**